
# वीरेन्द्रनगर नगरपालीका कार्यालय

**(वीरेन्द्रनगर सुर्खेत)**

आ.व. २०७३/०७४को

**सामाजिक परीक्षण प्रतिवेदन**



श्रीमान कार्यकारि अधिकृत ज्यू
वीरेन्द्रनगर नगरकार्यपालीकाको कार्यालय
वीरेन्द्रनगर सुर्खेत

वीरेन्द्रनगर नगरकार्यपालीका र सक्रिय परामर्श सेवा विच आ.ब.२०७३/०७४ को सामाजिक परीक्षणको लागि मिति २०७४/०६/१ गते सम्झौता भएवमोजिम सो को कार्यसम्पन्न गरी प्रस्तावमा उल्लेख भए बमोजिम सामाजिक परीक्षण प्रतिवेदन पेश गरेका छौं ।

## १. सामाजिक परिक्षणको पृष्ठभूमि

स्थानिय निकायले एक आर्थिक बर्षमा कति सामाजिक उत्तरदायीत्व वहन गर्नसके, के कस्ता समस्याहरुको सामना गरे, कार्यालयको सामाजिक उत्तरदायित्व वहन गर्न सक्ने क्षमता कस्तो छ र स्थानिय बासिले स्थानिय निकायबाट के कस्तो सुधारको आशा गरेका छन् भन्ने कुरालाई पहिलो प्राथमिकतामा राखेर यो कार्य गरिएको छ । सामाजिक परिक्षणको परिभाषा समान खालको नभए पनि कार्यक्षेत्र र कार्यविधि भने समान खालको छ,जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरू छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन साथै आर्थिक संरचनामा जोडगर्ने काम गरिन्छ ।

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१(१) ले गरेको व्यवस्था अनुसार वर्षमा एक पटक गर्ने प्रावधान भएकाले स्थानीय निकायहरू (जिल्ला विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गा.वि.स.हरू)ले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र वा कार्तिक मसान्त भित्र सामाजिक परीक्षण गरी सक्नुपर्छ । यसका लागि स्थानीय निकायले सो निकायसँग प्रत्यक्ष सम्बन्ध नभएको विज्ञलाई वा परामर्श सेवा कम्पनिलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिनु पर्छ । आवस्यकता महसुश भएको खण्डमा स्थानिय निकायले सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय एक समन्वय समिति गठन गर्नेछ । यो समितिको गठन बाध्यात्मक भने हुनेछैन आवश्यकता भएको खण्डमा मात्र गठन गरिन्छ ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ । यसलाई स्थानीय तहको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा पेश गर्नु पर्ने प्रावधान रहेको छ । यसरी स्थानीय निकायबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणबाट प्रभाव सम्मको अवस्थाको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय तहलाई ठूलो टेवा पुग्नेछ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि

यसका निष्कर्षहरूले सघाउनेछन् । सामाजिक परिक्षण कार्यविधि २०६७ वमोजिमको अधिनमा रही वीरेन्द्रनगर नगरपालीका सुर्खेतको आ.व.२०७३/०७४ को सामाजिक परीक्षण गरिएको छ ।

## २.सामाजिक परिक्षणको उद्देश्य

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरूप नगरपालीकाले एक आर्थिक वर्षमा नगरपालीकाकै समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै नगरपालीकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्रविन्दुमा रहेका छन् ।

## ३. सामाजिक परीक्षण अध्ययन विधि

सामाजिक अनुसन्धानले स्थानिय निकायको सामाजिक गतिविधिको वारेमा पहिचानिक विश्लेषण गर्दछ । विधिविनाको अनुसन्धानको सम्भावना हुदैन । स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत)सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना नागरिक बडापत्र वार्षिक प्रतिवेदनहरू, गरिवी पाश्र्वचीत्र सार्बजनीक परीक्षण प्रतिवेदन परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरिएको छ ।

### क) सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- नमुना कानुनहरु
- स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत)
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नगरपालिकामा राखिएको नागरिक बडापत्र
- वार्षिक प्रतिवेदनहरू
- गरिवी पाश्र्वचीत्र
- गत बर्षको सार्बजनीक परीक्षण प्रतिवेदन
- गत बर्षको सामाजिक परिक्षण प्रतिवेदन
- गत वर्षको सार्वजनिक सुनुवाई प्रतिवेदन
- सामाजिक सरोकारसंग सम्बन्धित पाश्र्वचित्रहरु

**ख) अन्तरवार्ता र समूह छलफल**

नगरपालीकाका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत शाखा कार्यालय प्रमुखसँग संरचित र अर्धसंरचित अन्तरवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गरियो । प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको थियो ।

**ग) प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल**

निम्नानुसारका शीर्षकमा केन्द्रीकृत रही प्रारम्भिक प्रतिवेदन माथि छलफल गरिएको थियो

- सामाजिक परीक्षणका निष्कर्षहरू
- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता (समय सीमा सहित)
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- सुझावहरू संकलन

**४. अध्ययनका सिमा**

नगरपालीका स्थित सम्पूर्ण गैह्रसरकारी संस्थाहरुलाई अध्ययनको क्षेत्रभित्र समेट्न सकिएन । नगरपालिकामा कार्यरत गै. सस्थाहरुलाई समेटने सम्भावना नभएको होईन तर समय, आर्थिक स्रोत र जनशक्तिको कारणले आवाज लगाएतका केहि गैर सरकारि सस्थालाई मात्र यसमा समावेश गरिएको छ

**५. बृहत् छलफल कार्यक्रमको विवरण**

क) मिति : २०७४ /०७/२७ गते

ख) स्थान : जिल्लासमन्वय समिति सुर्खेतको सभाहल

ग) समय : दिउसो १२.३० बजे देखि ४:३० बजेसम्म

**घ) लिङ्ग र जातिगत विश्लेषण सहितको उपस्थिति**

सामाजिक परिक्षण कार्यक्रममा पुरुष महिला ब्राम्हण दलित जनजाति आदि सबै जातजातिहरुको उपस्थिति थियो जुन कुरा **अनुसूची**मा राखिएको छ ।

**६. स्थानीय निकाय र विषयगत कार्यालय/गैह्र सरकारी संस्थाहरुको विवरण**

कार्यबिधिको **अनुसूची २** र **३** बमोजिमको विवरण संलग्न गरिएको छ ।

**७. सामाजिक परिक्षणबाट देखिएका सवल पक्षहरु**

- सामाजिक परिचालन द्धारा समुह गठन, परिचालन र कार्यन्वयन ।
- संघिय संरचना अनुसार विषयगत शाखाहरु ब्यबस्थापन गरिएको ।
- नगरपालीका बाट गै.स.सको नियमित अनुगमन र पृष्ठपोषण गरिएको ।
- नगरको उद्योग तथा कृषिको गुणस्तर तथा उत्पादकत्वमा वृद्धि भएको ।
- ग्रामिण क्षेत्रमा सडक विस्तार तथा मर्मत ।
- ग्रामिण भेगमा विद्युतिकरण विस्तार
- विद्यालय तथा मदर्शाहरुको निर्माण तथा भौतिक पूर्वाधार विस्तार भएको ।
- महिला तथा पिछडावर्गको योजना कार्यन्वयनमा सहभागिता बढेको ।

- संस्थागत क्षमता तथा सेवा प्रवाहमा सुधार आएको ।
- अधुरा योजनाहरुलाई पूरागर्ने निति लिएको ।
- सम्पूरक कोषको व्यवस्था र कार्यान्वयन गरिएको ।
- अनुगमन कार्यलाई भरपर्दो र प्रभावकारी वनाउने प्रयास गरिएको ।
- सामाजिक सदभाब बढदो रुपमा रहन गएको ।
- बेरुजुको प्रतिसत घटदो रुपमा रहन गएको ।

**८. सामाजिक परिक्षणबाट देखिएका चुनौती वा कमिकमजोरीहरु** सामाजिक परिक्षणबाट देखिएका चुनौती तथा कमिकमजोरीहरु निम्नबमोजिम छन् ।

**क) स्थानीय निकाय**

१.स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ यस बाट जनताका उच्च महत्वकांक्षा रहेका छन् जुन स्वभाविक पनि छ त्यसलाई सम्वोधन गर्नु पर्नेछ ।

२.नगरको पूर्वाधार तर्फ अव्यवस्थीत वसोवास, खानेपानीको प्रवन्ध, उपत्यकाको ढल निकास, ऐलानी पर्ति जग्गा र खोला छेउ अतिक्रमणलाई व्यवस्थीत गर्नुपर्नेछ ।

३.स्थानीय स्रोत साधनको पहिचान परिचालन र व्यवस्थापन नयां परिवेश अनुकुलको व्यवस्था गर्नु आजको अर्को चुनौति रहेको छ ।

४.नयां परिवेशमा संविधान तथा अन्य कानुनको मर्म अनुरुप काम गर्नु पर्ने,

५.नगरपालिकाको शासन सञ्चालन प्रक्रियालाई गुणस्तरिय र प्रविधिमैत्री वनाउनु,

६.सवै किसिमका कर्मचारीहरुको तत्काल व्यवस्थापन हुन नसक्नु,

७.संघिय संरचना अनुसार स्थापना भएका सबै शाखाहरको ब्यबस्थापन नगरको अर्को चुनौति हो ( विषयगत शाखाहरुमा) जस्तो नगर शिक्षा शाखा

**ख) विषयगत शाखा कार्यालय**

कृषितर्फ

- कृषि हाटबजार ब्यबस्थित नभएको ।
- सरकारी जग्गा अतीक्रमण भएको ।
- कोल्ड स्टोरको अभाब भएको ।
- कृषि पेशालाई व्यवसायिकिकरण गर्न अनुदानको व्यवस्था कमजोर अबस्थामा रहेको ।

**शिक्षा तर्फ**

- सरकारि र निजि विद्यालयको पास प्रतिसतमा समानता नभएको ।
- सबै विद्यालयमा शौचालयको राम्रो प्रबन्ध नहुनु ।
- शैक्षिक गुणस्तर कमजोर अबस्थामा रहन गएको कारण मनोबल गिरेको अबस्था छ ।
- पूर्व प्राथमिक विद्यालयलाई सबै स्थानमा नियमित गर्न नसकिएको ।
- संघिय संरचना अनुसार शैक्षिक ब्यबस्थापन पूर्ण हुन नसकेको ।
- शैक्षिक योजना र जनशक्तिको अभाब रहन गएको ।
- स्थानिय (नगर ) शिक्षाको योजनाको अभाब रहन गएको छ ।

**बालकल्याण तर्फ**

- बालकल्याण कार्यक्रम सञ्चालनको लागि बजेट अपुग ।
- वालक्लव गठन गर्दा सबै बालबालिकाको सहभागिता नभएको ।
- बाल श्रमिकहरुको तथ्याङ्कको अभाव र ब्यबस्थापन हुन नसकेको ।
- सडक बालबालिकाको ब्यबस्थापनको अभाब रहन गएको छ ।
- महिला विकास कार्यालय र बाल कल्याण समिति बीचको कार्य क्षेत्र स्पष्ट नहुनु ।

**खानेपानी तर्फ**

- खानेपानी आयोजना कार्यान्वनको लागि लागत सहभागिता जुटाउन कठिनाई हुने ।
- आयोजनाको लागत इष्टिमेटको तुलनामा बजेट कम आउने गरेको हुनाले आयोजना सम्पन्न गर्न धेरै वर्ष लाग्ने गरेको ।
- खानेपानीका पाइपहरु व्यबस्थित नभयर पानी प्रदुषितहुने अबस्था भएको ।
- झुप्राबृहतले सबैठाँउमा समान रुपमा खाने पानी वितरण गर्न नसकेको ।
- भूमिगत पानि आफू खुशि प्रयोग गर्ने गरेको ।
- सार्बजनिक खाने पानीको ब्यबस्था नभएको ।

**पशुसेवा तर्फ**

- पशुपकेट क्षेत्र नीतिगत रुपमा मात्र रहन गएको अबस्था छ।
- कान्जी हाउसको ब्यबस्था राम्रो नभएको ।
- बजार र टोलछिमेकमा छाडा पसुहरु नियन्त्रण नभएको ।
- भुस्याहा कुकुर र सुगुर नियन्त्रणका कार्यक्रम प्रभाबकारि नभएको ।
- जनशक्तिको अभाब रहन गएको छ ।

**जनस्वास्थ्य तर्फ**

- जनसङ्ख्याको तुलनामा स्वास्थ्य जनशक्तिको कमि ।
- कार्यक्रमको विस्तार सगै पूर्वाधार बन्न नसकेको ।
- ल्याण्डफिल साइड ब्यबस्थित नभएको ।
- नगरस्वास्थ्यबाट स्तरअनुसारको सेवा हुन नसकेको ।
- जनशक्तिको कमि रहन गएको छ ।

**यातायत**

- नगरभित्रका महत्वर्पुण सडकहरु मरमत भएकाछैनन् ।
- सडक वरपर रुख विरुवाहरु ब्यबस्थित रुपमा लगाइएका छैनन् ।
- स्थानिय सवारिसाधनको ब्यबस्था नभएको ।

**आर्थीक तर्फ**

- नगरपालिकाको आर्थिक अबस्था सोचे अनुरुप बलियो नभएको ।
- बेरुजुको प्रतिसत नियम अनुसार घटन नसकेको ।

- नगरपालिकाले पिपिपि योजनाहरु बढाउन नसकेको ।

**ग) गैह्रसरकारी सस्था**

- सरकारी तथा गैह्र सरकारी निकायको निकट समन्वय र सम्बन्ध ।
- जुन कार्यक्रम सञ्चालन गर्दा पनि भत्ताको माग ।
- दातृसंस्थाको कार्य योजना अनुसार कार्य गर्नु परेको ।
- लागु पदार्थ सेवन लगाएतका क्षेत्रमा लागेका व्यक्तिहरुलाई समाजमा ल्याएर पुर्नःस्थापना गर्ने कार्य निकै कठिन

**९. सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु**

**क) स्थानीय तह**

- नगरपालिकाको नीति अनुसार कार्यक्रम तथा आयोजना भए नभएको विषमा नगरसभा पूर्व व्यापक छलफल गर्ने र नीति तथा कार्यक्रम स्पष्ट हुनु पर्ने ।
- म र मेरो पहिचानका कार्यक्रमहरु संचालन गर्नको लागि नगरका १६ वडाहरु समाबेश भएको नगरगुरुयोजना बनाएर अगाडि बढनु पर्ने जसले संघ प्रदेश र स्थानिय तहको जिम्मेवारी पनि देखाउन सकोस ।
- भौतिक पूर्वाधार भन्दा रोजगार मूलक र गरिबी निवारण लक्षित योजनाहरु समावेश हुनु पर्ने ।
- नगरको वार्षिक योजना तथा नितिहरु तयार गर्दा संघिय संविधान प्रदेश कानुन र आवाधिक तथा विषयगत योजनाले निर्देशित गरेका उद्देश्यहरुलाई ध्यान पुऱ्यउनु पर्ने ।
- नगरपालिका समग्र नगरबासीको पहिचान  भएकाले यसले दिर्घकालीन सामाजिक सदभाब बढाउने कार्यक्रमको थालनी गर्नुपर्ने ।
- नगरपालिकाको आन्तरिक स्रोत बढाउन स्थानिय स्तरमा संचालन गरेका कार्यक्रमलाई ठेक्का प्रथामा संचालन गर्नुपर्ने ।
- अल्पकालिन योजनालाई भन्दा दीर्घकालीन र आय एवम् रोजगारमूलक ठोस आयोजनाहरूलाई प्राथमिकता दिने  ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स. समन्वय र सहकार्य गरी थप श्रोत परिचालनको पहल गर्ने ।
- कार्यक्रममा दोहोरोपन हटाउन नियमित अनुगमन गर्ने ।
- कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कनको आधारमा उत्कृष्ट र दीर्घसेवी कर्मचारीलाई पुरस्कृत र सम्मान गर्ने परम्परा कायम राख्ने ।

- नगरपर्यटन गुरुयोजना बनाउनु पर्ने जसले नगरपालिकाको विशेष सम्भाबना बोकेका पर्यटकिए स्थलहरुको पहिचान र आर्थिक संकलनमा पनि टेवा पुग्ने सम्भाबना देखिन्छ ।
- नगरपालिका क्षेत्रमा निर्माण गरिएका बाटाहरुको लगत कट्टा गर्ने कार्यको थालनि गर्ने तर्फ पहल गर्नु पर्ने ।

- नगरबासी र नगरपालिकाको विचमा सहकार्य गरेर वडापहिचानीक योजनाहरु संचालनमा ल्याउनु पर्ने ।
- नगरपालिकाले यसको स्वरुपमा परिवर्तन आउने खालका विशेष कार्यक्रमहरु संचालनमा ल्याउनु पर्ने ।
- संघिय संरचना अनुसार निर्माण भएको नगरपालिकाका कर्मचारीहरुको सहअस्तित्व,समता र समानताको विचमा अन्तर सम्बन्ध कायम गरेर अगाडि बढनु पर्ने ।
- नगरका योजना संचालन पूर्ब उपभोक्त समितिलाई अनुशिक्षण वा तालिमको ब्यबस्था गर्नु पर्ने ।

**ख) विषयगत शाखा कार्यालय**

कृषितर्फ

- रासायनिक मलको अभाव घटाउन अर्गानिक खेतीको प्रर्वद्धन गनुपर्ने ।
- कृषकहरुलाई सेवादीन कोल्ड स्टोरको ब्यबस्था गर्नु पर्ने ।
- कृषिहाट बजार ब्यबस्थिा गर्नु पर्ने ।
- नगरकृषि पकेट क्षेत्र तोकेर ब्यबसायिक कृषिमा जोडदिनु पर्ने ।
- सबै कृषियोग्य जमिनलाई उपभोगमा ल्याउनु पर्ने ।

**शिक्षा तर्फ**

- संघिय संरचना अनुसार नगरस्तरिय शैक्षिक कार्यक्रमहरु संचालन गर्ने तर्फ सम्भाब्यता अध्ययन र कार्यक्रम तर्जुमा गर्नु पर्ने ।
- विद्यालयमा छात्र छात्राको लागि छुटै शौचालय र सरसफाईको राम्रो व्यवस्था गर्नुपर्ने ।
- सरकारि र निजि विद्यालयमा समान रुपमा छात्राबृतिको ब्यबस्था गर्नुपर्ने ।
- नगरशैक्षिक सुधार गुरुयोजना बनाएर सामुदायिक र सस्थागत विद्यालयको अन्तर र विभेद हटाउने तर्फ पहल गर्नु पर्ने ।
- अनुगमनलाई प्रभाबकारी बनाएर गुण र सुधार गर्नुपर्ने पक्षको आधारमा सचेतिकरण र सम्मानका कार्यक्रम संचालन गर्नु पर्ने ।

**बालकल्याण तर्फ**

- बालकल्याण कार्यक्रम सञ्चालनको  लागि बजेट बढाउनु पर्ने ।
- बालकल्याण गृहको भौतिक विस्तार गर्नु पर्ने ।
- बालबालीकालाई खेलमैदान र थपखेलसामाग्री उपलब्ध गराउनु पर्ने ।
- बाल श्रमिकहरुको तथ्याङ्कको संकलन यथासक्य गरी बाल श्रमिक लक्षित कार्यक्रम गर्नुपर्ने ।
- सडक बालबालिकालाई ब्यबस्थापन गर्ने बाटो पहिचान गर्नु पर्ने ।

**खानेपानी तर्फ**

- नगरका व्यस्तबजारहरमा सार्वजनिक शौचालयको व्यबस्था गर्नु पर्ने ।
- नगरवासिलाई स्वच्छ खानेपानी उपलद्य गराउनु पर्ने ।

- पुराना  र कमजोर अबस्थामा रहेका पाइपहरु मरमत गर्नु पर्ने ।

**यातायात तर्फ**

- नगर भीत्रका महत्वपुण सडकहरु तत्काल मरमत गर्नुपर्ने ।
- सडक वरपर बिरुवा लगाउनु पर्ने ।
- सडक काटेपछि तत्काल सरोकारवालाले तीरेको पैसाले सडक मर्मत गर्नु पर्ने ।

**पशुसेवा तर्फ**

- पशुपालन क्षेत्रको विकास गर्नुपर्ने ।
- छाडा पसु नियन्त्रण गर्न कान्जी हाउसको राम्रो व्यबस्था गर्नु पर्ने ।
- कान्जी हाउसमा पशुहरुलाई खाना र औषधिको व्यबस्था गर्नु पर्ने ।
- भुस्याहा कुकुर र सुगुर नियन्त्रण अभियान संचालन गर्नु पर्ने ।

**जनस्वास्थ्य तर्फ**

- समयमा फोहोर फाल्ने र समयमा फोहोर उठाउने ब्यबस्थालाई थप ब्यबस्थित गर्नु पर्ने ।
- ल्याण्डफिल यथाशिघ्र निर्माण गर्नु पर्ने ।
- कार्यक्रम र कार्यालयहरुको विस्तार सगै पूर्वाधारको विकास समेत गर्नुपर्ने ।
- आमा सुरक्षा कार्यक्रमलाई स्थानीय तहहरूबाट  सहयोग प्रदान गर्नुपर्ने ।
- नगर स्वास्थ्य केन्द्रलाई थपब्यबस्थित गर्नु पर्ने ।

**आर्थीक तर्फ**

- अर्थसंकलनका बिभीन्न बाटाहरु खोज्नुपर्ने ।
- नगरपालीका र नगरबिकासको बिचमा समन्वय हुनुपर्ने ।
- गरीबी हटाउ कार्यकम संचालन गर्नु पर्ने ।
- आन्तरिक पर्यटक आउनसक्ने कार्यकम संचालन गर्नु पर्ने ।
- महीला,दलीत,पिछडावर्ग लगाएत विपन्नवर्गलाई स्वरोजगार कार्यकम तथा छात्रावृतिको ब्यबस्था गर्नुपर्ने ।

**ग) गैह्रसरकारी संस्था**

- नगरमा कार्यरत सबै गैह्र सरकारी संस्था वीच उचित समन्वय हुनुपर्ने र योजना अनुसारका सबै कार्यक्रमहरु नगरपालिकाको योजनामा समावेश गर्नुका साथै बार्षिक समिक्षा पनि अनिवार्य रुपमा गर्नु पर्ने ।
- कार्यक्रम दोहोरोपना हटाउन र नगरको सामानुपातिक सामाजिक विकास गर्न नगर स्थित सरकारी तथा गैह्रसरकारीसंस्थाहरुले विभिन्न विषयमा नगर स्तरमा वहस एवं छलफल गर्नुपर्ने ।
- नगर स्तिथ गै.स.सहरुले आफ्नो कार्यक्षेत्रमा वातावरणलाई समेत प्राथमिकता दिनुपर्ने ।

**१०. वीरेन्द्रनगर नगरपालिकालाई माथी उल्लेखित नीतिको कार्यान्वयनको अवस्थामा उल्लेख भए अनुसारको सुझाव मध्य निम्नानुसार क्षेत्रमा विशेष नीति लिन तथा सोही अनुसार योजना तय गर्न सुझाव दिन चाहान्छौं ।**

१.नगरपालिकाको आन्तरिक स्रोत बढाउन स्थानिय स्तरमा संचालन गरेका कार्यक्रमलाई ठेक्का प्रथामा संचालन गर्नुपर्ने ।

२.अल्पकालिन योजनालाई भन्दा दीर्घकालीन र आय एवम् रोजगारमूलक ठोस आयोजनाहरूलाई प्राथमिकता दिने ।

३.राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स. समन्वय र सहकार्य गरी थप श्रोत परिचालनको पहल गर्ने ।

४.गैससहरुको कार्यक्रममा दोहोरोपन हटाउन नियमित अनुगमन गर्ने र स्वीकृत नगरेका कार्यक्रमहरु संचालन भएको खण्डमा कार्यक्रममा रोक लगाउने ।

५.कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कनको आधारमा उत्कृष्ट र दीर्घसेवी कर्मचारीलाई पुरस्कृत र सम्मान गर्ने परम्परा कायम राख्ने ।

१. सामाजिक परीक्षकको नाम : डा.मनहरि ढकाल

दस्तखत :

२. सामाजिक परीक्षकको नाम : हरिष भट्ट

दस्तखत :

३. सक्रिय परामर्श सेवा प्रा.लि., सुर्खेत

## सामाजिक परिक्षण प्रतिवेदन

(बृहत सभामा छलफलका लागि प्रस्तुत गरिएको)

### १.स्थानिय तहको परिचय

प्रस्तावीत ६ नं. प्रदेशको राजधानीका रुपमा रहेको यस वीरेन्द्रनगर नगरपालिकाको स्थापना वि.सं. २०३३ सालमा सुर्खेत उपत्यका भित्र पर्ने कटकुवा, गोठीकाडा र जर्बुटा गाँउ पञ्चायत भित्र पर्ने केही भागलाई मिलाएर वीरेन्द्रनगर नगरपञ्चायतका रुपमा रहेकोमा नेपाल सरकारका विभिन्न समयका निर्णय बमोजिम हाल १६ वडामा विभाजन गरिएको छ । नेपालको राजधानी काठमाण्डौं देखि लगभग ६०० कि.मी. उत्तर पश्चिममा समुन्द्री सतहबाट लगभग ६६५ मी. मा अवस्थित यो नगरपालिकाको उत्तरमा महाभारत पर्वतको रानीमत्ता, रातानाङ्ला र दक्षिणमा चुरे पहाडको हर्रे, देउरालीका मनोरम पहाडद्वारा घेरिएको कचौरा आकारमा दक्षिण तर्फ ढल्किएको सानो, न धेरै जाडो हुने न धेरै गर्मी हुने सुन्दर उपत्यका हो । नगरपालिकाको विस्तार अघि ३६ वर्ग कि.मी. क्षेत्रफल ओगटेकोमा हाल न.पा.को कूल क्षेत्रफल २४५.८५ वर्ग कि.मी. रहेको छ । यस नगरपालिका पूर्वमा पाम्का र साटाखानी गा.वि.स., पश्चिममा हरिहरपुर गा.वि.स., कुनाथरी गा.वि.स र लेखगांउ गा.वि.स., उत्तरमा दैलेख जिल्लाको गोगनपानी गा.वि.स., दक्षिणमा भेरी नदी रहेका छन् । वीरेन्द्रनगर नगरपालिकमा बसोबासको प्रारम्भ २०२३ सालबाट भएको पाइन्छ । यस भन्दा अगाडि नगरपालिकाको मैदानी भाग (उपत्यका क्षेत्रमा) औलो लाग्ने हुँदा जिल्ला सदरमुकाम गढी गा.वि.स. मा रहेको र उपत्यकामा फाटफुट रुपमा थारु र राजी समुदायको बसोबास रहेको थियो । औलो उन्मुलन भए पश्चात् उपत्यकामा बसोबास गर्न थालियो र सबै सरकारी कार्यालयहरुलाई स्थानान्तरण गरी सदरमुकाम तोकियो ।

वीरेन्द्रनगर नगरपालिकामा औलो उन्मुलन पश्चात् सुर्खेत जिल्लाका विकट पहाडी क्षेत्र लगायत दैलेख जिल्ला र कर्णाली अञ्चलका विभिन्न जिल्लाबाट बसाई सरी स्थायी बसोबास गर्दै आएका व्यक्तिहरुको बाहुल्यता पाइन्छ। ब्राह्मण, क्षेत्री, मगर, थारु, कामी, सार्की, दमाई, दशनामी/सन्यासी आदि यहाँका प्रमुख जातिहरु हुन् । विभिन्न स्थानबाट बसाई सरी आएकाले यहाँको चालचलन रीतिथिति र सँस्कृतिमा समेत विविधता पाईन्छ ।

वीरेन्द्रनगर नगरपालिकामा वि.सं. २०२२ मा विमानस्थल स्थापना भई नियमित उडान र वि.सं. २०३८ मा रत्नराजमार्ग सडक निर्माण कार्य सम्पन्न भई नियमित रुपमा सडक यातायात सेवा शुरु भए पश्चात् वीरेन्द्रनगर कर्णाली अञ्चलका जिल्लाहरुको प्रवेशद्वारका रुपमा स्थापित भएको छ । कर्णाली अञ्चलमा उपभोग हुने सम्पूर्ण सामग्री वीरेन्द्रनगरबाट जाने हुंदा यो पश्चिम नेपाल कै प्रमुख व्यापारिक एवं शैक्षिक पर्यटकिय केन्द्र समेत बन्न पुगेको छ । यसको पूर्वबाट भेरी नदी र पश्चिमबाट कर्णाली नदी बगेकोले ऱ्याफ्टीङ् गरी आनन्द लिन आउने पर्यटकहरुका लागि समेत यो आकर्षक स्थलको रुपमा परिणत हुन पुगेको छ ।

पहिले चौहानचौर र २०२९ सालपछि वीरेन्द्रनगरको नामले परिचित यो नगरपालिका नेपालका राम्रा गुरुयोजना भएका नगरपालिका मध्येको एक हो । स्वर्गीय राजा वीरेन्द्रबाट देशको सन्तुलित विकासको निम्ति चार विकास क्षेत्रमा विभाजन गर्दा वीरेन्द्रनगर सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम घोषणा गरिएको थियो भने हाल मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकामका रुपमा रहेको छ । वीरेन्द्रनगरको भौतिक विकास योजना स्व. राजा वीरेन्द्रकै निर्देशनमा एक उच्चस्तरीय प्राविधिक टोलीद्वारा तयार गरी २०२९ साल माघ १६ गते वीरेन्द्रनगर नगरयोजना स्वीकृत गरी कार्यान्वयन गरिंदै आएको छ । पेरिस जस्तो सुन्दर शहरको रुपमा विकास गर्ने लक्ष्य लिई बनाइएको वीरेन्द्रनगरको गुरुयोजनालाई मूर्तरुप दिन वीरेन्द्रनगरका विभिन्न क्षेत्रमा आवश्यक जग्गा अधिग्रहण गरिएको छ। यति खेर वीरेन्द्रनगरका १ देखि १२ वडाको सडक गुरुयोजना कार्यान्वयनमा आइरहेका छ । यस क्षेत्रमा प्रदेशको माग गर्दै भएको आन्दोलनको उपलब्धी र आन्दोलनमा शाहदत प्राप्त शहिदको सपनालाई वीरेन्द्रनगरको परिकल्पना

(Vision) "शैक्षिक, प्रशासनिक, पर्यटकीय शहर, स्वच्छ, स्वस्थ, समुन्नत वीरेन्द्रनगर" संग प्रत्यक्ष सम्बन्धित बनाउने दिशामा नगरपालिका जुटेको छ ।

**१.१.नया संघिय संरचना अनुसार वीरेन्द्रनगरको एक झलक**

**अवस्थितिः** अक्षांश २८°३०' २२'' देखि २८°४०' ४५''
देशान्तर ८१°३२' ५''देखि ८१°४०' ४५''

**क्षेत्रफल र जनसंख्या विवरण (राष्ट्रिय जनगणना २०६८ अनुसार):**

साक्षरता दरः ७९.६५ प्रतिशत

वीरेन्द्रनगर नगरपालिकाको क्षेत्रफल: २४५.८५ वर्ग कि.मी.

सुर्खेत उपत्यका : ८८ वर्ग कि.मी.

वडा संख्या १६

**तालिका न. १ क्षेत्रफल र जनसंख्या विवरण (राष्ट्रिय जनगणना २०६८ अनुसार):**

| साविकको वडा | हालको वडा | क्षेत्रफल | घरधुरी | जनसंख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| १ र २ | १ | ६.१० | १५१९ | ३५१० | ३०४४ | ६५५४ |
| १९, २० र २५ | २ | २९.१० | १८४३ | ४२९३ | ३७६४ | ८०५७ |
| १८ | ३ | ६.६० | २२३८ | ४६३४ | ४५७० | ९२०४ |
| ३ र ४ | ४ | ७.१० | १७३६ | ३८०८ | ३६१३ | ७४२१ |
| ५ | ५ | ५.७७ | १२२३ | २६२४ | २३६८ | ४९९२ |
| ६ | ६ | ०.५९ | १७६७ | ३६८७ | ३९११ | ७५९८ |
| ७ र ८ | ७ | ५.२० | १९७७ | ३५४० | ३३०८ | ६८४८ |
| ९ र१० | ८ | १.४० | १८८३ | ३००६ | ३३५२ | ६३५८ |
| १५ र १७ | ९ | २८.८० | १५७५ | ३७४८ | ३४७९ | ७२२७ |
| १४ र १६ | १० | १७.०० | १९९८ | ४६२९ | ४२५४ | ८८८३ |
| १३ र २१ | ११ | २७.७० | १४८७ | ३६३९ | ३४४६ | ७०८५ |
| ११ र १२ | १२ | ८.८० | १९२४ | ४३४३ | ३८०० | ८१४३ |
| २२, २३ र २४ | १३ | २५.९० | ११०७ | २७४४ | २६०४ | ५३४८ |
| साविक गढी | १४ | २८.९६ | ६२५ | १५७५ | १४७५ | ३०५० |
| साविक रतु | १५ | २४.६० | ३६८ | ८३९ | ८४० | १६७९ |
| साविक गर्पन | १६ | २२.२३ | ४४० | १०३८ | ९४३ | २०११ |
| **जम्मा** | | **२४५.८५** | **२३७१०** | **५१६८७** | **४८७७१** | **१००४५८** |

**भू-आकृती**

- उत्तरमा महाभारत पर्वतको रानीमत्ता, रातानाङ्ला र दक्षिणमा चुरे पर्वतको हर्रे, देउराली पहाडले घेरीएको उपत्यका
- झुप्रा खोला र भेरी नदीको किनारमा अवस्थित नगर
- उत्तरदेखि दक्षिण तिर हल्का झुकाव
- समुन्द्री सतहदेखि ६६५ मिटर उचाईमा अवस्थित
- उपत्यकाको सम्पुर्ण पानी लाटीकोइली स्थित निकास खोला भन्ने साँघुरो ठाउँबाट बगी भेरी नदीमा एकिकृत हुन पुग्दछ ।
- नेवारे, ईत्राम, खोर्के जस्ता खहरे खोला उपत्यकाको विच भागमा अवस्थित रहेका छन् ।

**मौसमः**

- न्यानो सुख्खा उष्ण हावापानी
- तापक्रम अधिकतम ४२.८° से. (१४ जुन २०१२) र न्यूनतम -०.७° से. (९ जनवरी २०१३)
- औषत बार्षिक अधिकतम तापक्रम २८.१ र औषत न्यूनतम १५.३
- बार्षिक बर्षाः २८१.६ मि.मि. (२१ जुलाई १९६३)
- औषत बार्षिक बर्षाः १७६४ मि.मि.
- मनसुन सिजनः १४७८ मि.मि. (७५% पानी पर्ने )
- श्रोतः क्षेत्रिय हावापानी कार्यालय, सुर्खेत । मितिः २०७१ श्रावण

**मुख्य चाडपर्व र मेलाः**

- वडादशैँ, भाईटीका, साउने सँक्राती, माघे संक्राती, चैते दशैं, होली, श्रीकृष्ण जन्माष्टमी, जनै पूर्णीमा तथा लाखे जात्रा, शिवरात्री मेला,गाईजात्रा, रापाई जात्रा आदी ।

**नगरका दर्शनिय स्थलहरुः**

- काँक्रेबिहारः ऐतिहासिक, पुरातात्विक भग्नावशेषका रुपमा संरक्षित जंगल ।
- बुलबुले तालः बुलबुल गरी पानी निस्केर अविरल रुपमा बगीरहने दश धारा भएका ताल (वाणगंगा) र सुन्दर उद्धान ।
- घण्टाघरः बाल उध्धान र नगरको शोभा ।
- देउतीबज्यैः सुर्खेती देवीको मन्दिर ।
- जलेश्वर शिव मन्दिरः वी.न.न.पा. वडा नं. २ मा अवस्थित ऐतिहासिक मन्दिर

- कुईनेपानीः नगरको बिचमा अवस्थित संरक्षित र शैक्षिक क्षेत्र
- रेडियो नेपालः वी.न.न.पा. वडा नं. १ मा अवस्थित रेडियो नेपालको क्षेत्रिय प्रशारण केन्द्र
- धार्मिक स्थलः विभिन्न वडामा अवस्थित चर्च, गुम्बा, मठ मन्दिर, मस्जिद

## वीरेन्द्रनगर नगरपालिकाको आ.ब.२०७३/०७४ को

**लक्ष्य तथा उद्देश्य :**

वीरेन्द्रनगरलाई आर्थिक रुपले सम्पन्न, भौतिक रुपले शहरी सुविधायुक्त, राजनीतिक रुपले समावेशी/सहभागितात्मक, वातावरणीय रुपले स्वच्छ, सफा तथा व्यवस्थापकीय रुपले सुव्यवस्थित नगरको रुपमा विकास गर्दै शैक्षिक, प्रशासनिक, पर्यटकीय केन्द्रको रुपमा विकास गरी संघीय राज्यको राजधानी बनाउनको लागि आधार तयार गर्ने ।

**उपरोक्त लक्ष्य तथा उद्देश्य हासिल गर्न निम्नानुसारका क्षेत्रगत नीति/कार्यनीति अपनाइनेछ :**

**वित्तीय तथा श्रोत परिचालन सम्बन्धी :**

१. यस नगरपालिकाको एकिकृत सम्पत्तिकरको दरलाई सरोकारवालाहरु संग परामर्श गरि समय सापेक्ष पुनरावलोकन गर्दै व्यवहारिक बनाइने छ ।

२. वीरेन्द्रनगरका १ देखि १२ वडा भित्रका जग्गाधनीहरुको नगरपालिकाको सडक गुरुयोजना बमोजिम बाटोमा परेका कित्ताको एकिकृत सम्पत्तीकर बुझ्दा वाटोले काटी बचेको जग्गा बाटोले काटेको भन्दा कम बचेको अवस्थामा जग्गाधनिले बाटोले जग्गा काटेको प्रमाण सहितको ट्रेश पेश गरि एकिकृत सम्पत्तिकर छुटका लागि बाटोमा काटेको जग्गालाई बाटोको प्रयोजनका लागि छोड्ने सहमति सहित न.पामा निवेदन दिएमा यस्ता जग्गाको एकिकृत सम्पत्तिकरमा बाटोले काटेको हिंसा छुट दिइ मूल्यांकन गर्ने र सोही बमोजिम  कर असूल गरिनेछ ।

३. नगरभित्रका जग्गाको सरकारी मूल्य निर्धारण गर्दा जग्गाको कित्ताले सडकलाई छोएको आधारमा गरि दिंदा जग्गाको अत्यन्तै थोरै भागले छुंदा समेत महंगोदरमा सम्पूर्ण जग्गाको मूल्यांकन हुंदा यस नगरपालिकाले लगाउने एकिकृत सम्पत्तीकरको दरमा समेत प्रभाव पारेकाले यस प्रकारका जग्गाको सरकारी दररेट तोक्दा बाटोमा छोएको मोहडा र पिछाडलाई समेत आधारमाथि मूल्यांकन गर्ने व्यवस्था हुन जिल्लास्तरमा रहेको जग्गाको सरकारी मूल्यांकन समितिमा अनुरोध गरिनेछ ।

४. नगरबासीहरुले नगरपालिकामा बुझाउनेविभिन्न करलाई  सहज ढंगबाटबुझाउने वातावरण निर्माणका लागि वडा कार्यालयमा समेत कर बुझाउन मिल्ने व्यवस्थाको शुरुवात गरिनेछ ।

५. नगरको शहरी पूर्वाधारसंग जोडिएको ल्याण्डफिल साइटद्वारा प्रभावित क्षेत्र बासीको मागलाई उचित सम्बोधन गर्दै उक्त क्षेत्रको हरियाली एवं वातावरण संरक्षण र स्थानिय विपन्न वर्गको आयआर्जन एवं स्वास्थ्य प्रर्वद्धनकालागि वडालाई उपलब्ध गराइने न्यूनतम अनुदानका अलावा थप रकमको व्यवस्था गरिनेछ ।

६. सबैभन्दा धेरै तथा नियमित रुपमा समयमा कर तिर्ने करदाताहरुमध्ये ४ जनालाई नगरपालिकाको स्थापना दिवसमा सम्मान गरिनेछ ।

७. हालसम्म व्यवसाय कर तथा अन्य कर तिर्न बांकी व्यवसायीहरुलाई कर तिर्नको लागि फेरि अनुरोध गरिनेछ । बारम्वार अनुरोध गर्दा पनि कर नतिर्ने व्यवसायीहरुको नाम, ठेगाना न.पा.को सूचना पाटीमा टांस गर्ने, उनीहरुलाई न.पा. ले प्रदान गर्ने सम्पूर्ण सेवा, सुविधा रोक्का राखिनेछ (आवश्यक

देखिएमा विद्युत, खानेपानी, टेलिकम कार्यालयसंग समन्वय गरी उनीहरुलाई दिइने सेवा सुविधा रोक्का राख्ने पूर्व नगर परिषदको निर्णयलाई कार्यान्वयन गरिनेछ ।

८. निर्माण व्यवसायीहरु (ठेकेदारहरु) बाट नगरपालिकाले आफ्ना सम्पूर्ण निर्माण कार्य उपभोक्ता समितबाट मात्र गराउने तर आफुहरुमाथि व्यवसायकर लगाउने गरेको भन्ने गुनासो आएकोले निर्माण व्यवसायीहरुको मागलाई मध्यनजर गरी वर्षमा कम्तिमा एउटा निर्माण कार्य ठेक्कामा गराउने र त्यसमा व्यवसाय कर चुक्ता गरेकोले मात्र प्रतिस्पर्धामा भाग लिन पाउने नीतिलाई निरन्तरता दिइने छ ।

९. नगरपालिकाले नियमानुसार तिर्नुपर्ने कर, दस्तुर तिरेका व्यवसायीहरुबाट मात्र आफूलाई आवश्यक पर्ने वस्तु तथा सेवा खरिद गरिनेछ ।

१०. कुनै पनि व्यक्ति विकास निर्माण कार्यको उपभोक्ता समितिहरुमा बस्न अन्य कुराका अतिरिक्त चालु आ.व. सम्म नगरपालिकालाई नियमानुसार तिर्नुपर्ने कर, दस्तुर अनिवार्य रुपमा तिरेको हुनुपर्ने व्यवस्था गरिनेछ ।

११. न.पा. को व्यवसाय कर तथा बहाल कर संकलनमा प्रभावकारिता ल्याउन घरेलु तथा साना उद्योग विकास समिति, जिल्ला विकास समिति, करदाता सेवा कार्यालय, उद्योग वाणिज्य संघसंग समन्वय गर्दै फर्म नविकरणमा सम्बन्धित नगरपालिका तथा गा.वि.स.मा व्यवसायकर चुक्ता गरेको प्रमाण पत्र समावेश गर्न अनिवार्य गराउन अनुरोध गर्ने र यसको नीतिगत व्यवस्था गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

१२. राजश्व असुली कार्यलाई वस्तुपरक र प्रभावकारी बनाउन उद्योग वाणिज्य संघ समेतको सहभागितामा करदाता र करयोग्य वस्तुको आवश्यक तथ्यांकलाई अद्यावधिक गरिनेछ ।

१३. वीरेन्द्रनगर नगरपालिकाको लेखा प्रणालीलाई संस्थागत लेखा प्रणाली (कर्पोरेट एकाउन्टीङ्ग सिस्टममा)मा रुपान्तरण गर्न आवश्यक  तयारी गरिनेछ ।

१४. स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रका तोकिएका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर लगाउन सक्नेछ भन्ने व्यवस्था बमोजिम नगरपालिकाले सवारी कर संकलन गर्दै आएकोमा सरोकारवाला निकाय तथा सम्बन्धित सरकारी कार्यालयहरुको सहयोग प्राप्त गरी यो करलाई अनिवार्य र व्यवस्थित गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीय निकायमा सवारी कर चुक्ता भएपछि मात्र यातायात व्यवस्था कार्यालयले सवारी साधनको नामसारी, दर्ता नविकरण र सवारी कर संकलन गर्ने व्यवस्था सवारी ऐनमा राख्न नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

१५. पेश्की फछ्र्यौटलाई प्रभावकारी गराउन आवश्यक कदम चालिनेछ ।  यस कार्यालयका कर्मचारीको नाममा भएको पेश्की फछ्र्यौट गर्न सम्बन्धित कर्मचारीलाई १ महिनाको समय दिइनेछ । तोकिएको समय भित्र पेश्की फछ्र्यौट नगर्ने कर्मचारीको तलब रोक्का गरी असुल गरिनेछ ।

१६. अपांगद्वारा संचालित उद्यम एवं व्यवसायको व्यवसायकरमा २० प्रतिशत छुट दिइने छ ।

१७. यस नगरपालिकामा वातावरण संरक्षण कोष, मर्मत सम्भार कोष, विपद व्यवस्थापन कोष निर्माण गरि सोको प्रभावकारी कार्यान्वयन गर्ने ।

१८. नगरपालिकाका टेक्टर, जे.सि.भि.लाई नगरपालिका स्वयंले मर्मत गरि सञ्चालन गर्दा आम्दानी भन्दा सञ्चालन खर्च बढी हुने गरेको देखिएकोले लिलाम विक्रिको प्रकृया अगाडी बढाइनेछ ।

१९. सार्वजनीक निजी साझेदारी समितिलाई सक्रिय गराई साझेदारीका क्षेत्रहरु छनौट गरी सार्वजनीक निजी साझेदारी अवधारण अनुसार नगरपालिकाका स्वामित्वमा रहेका संरचना तथा जग्गाहरुमा PPPकार्यक्रम संचालन गरिनेछ ।

२०. यस न.पा.को स्वामित्वमा रहेको हटिया वजारको खालि जग्गामा सार्वजनिक नीजि साझेदारी अवधारणामा सपिङ्ग कम्प्लेक्स निर्माण गर्न सभाव्यता अध्ययनका लागि सहयोगी निकायमा अनुरोध गरिने छ ।

२१. सुर्खेत उद्योग वाणिज्य संघले संचालन गर्न लागेको सुर्खेत लगानी वर्ष २०७३ कार्यक्रममा सहकार्य गर्दै यस नगरमा ५० जना भन्दा बढी रोजगार दिने व्यवसायिक फर्म कम्पनीलाई सम्मान गर्ने, यस्ता प्रकारका व्यवसायिक फर्म भित्राउन पहल गर्ने ।

२२. व्यवसायकर असूली  सम्वन्धमा उद्योग वाणिज्य संघ सुर्खेतसंग गरिएको सम्झौतालाईलाई निरन्तरता दिंदै कर असूलीमा प्रभावकारीता ल्याउन व्यवसाय करको ग्रेडिङ्गका सम्बन्धमा उद्योग वाणिज्य संघसंगसमन्वय गरि गरिनेछ ।

**शहरी विकास सम्बन्धी :**

१. विस्तारित नगर क्षेत्रका जमिनमा बढ्दै गएको अव्यवस्थीत बसोबास र सडक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

२. वीरेन्द्रनगर नगरपालिका वडा नं. १३ सुब्बाकुना क्षेत्रमा अटो भिलेज स्थापनाकालागि सरोकारवालासंग समन्वय गरिनेछ ।

३. सुर्खेत उद्योग वाणिज्य संघसंगको सहकार्यमा बजार क्षेत्रमा सि.सि. क्यामरा जडानको कार्य थालनी गरिने ।

४. नगरपालिकाको बृहत शहरी विकास गुरुयोजना, आवधिक योजना निर्माण, नगर यातायात गुरुयोजनानिर्माणकै क्रममा भएकाले सो को स्वीकृत गरि लागु गर्न न.पा. बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने  ।

५. नगरपालिकाको समग्र ढल निकासको गुरुयोजना तयार गरि बजार क्षेत्रको खुला ढललाई मर्मत सुधार तथा आवश्यकता अनुसार पुनर्निर्माण गरी बन्द ढलमा परिवर्तन गर्न सहयोगी निकायहरुसंग अनुरोध गरिनेछ । साथै बजार क्षेत्रमा फुटपाथलाई व्यवस्थित गरिनेछ ।

६. सार्वजनिक नीजि साझेदारी अवधारणामा क्षेत्रीय स्तरको CITY HALL एवं बहुउद्देश्यीय भवन निर्माणको प्रकृया  शहरी विकास तथा भवन निर्माण विभाग, नगर विकास कोष लगायत विभिन्न निकायसंगको सहकार्यमा अघि बढाइनेछ ।

७. नगर क्षेत्रभित्र घर निर्माण गर्दा अनिवार्य रुपमा भुकम्प प्रतिरोधक घर निर्माण गर्न भवन निर्माण संहितालाई कार्यान्वयन ल्याउने र सोको बारेमा जनचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ, तालिम प्राप्त मिस्त्रीबाट मात्र घर निर्माण गर्ने व्यवस्था गरिनेछ ।

८. सरकारी तथा सार्वजनिक संस्थानका कार्यालयहरुलाई समेत नक्शापासको व्यवस्था अनिवार्य गर्न आवश्यक कदम चालिनेछ ।

९. फुटपाथमा निर्माण सामाग्री राख्ने कार्यलाई निरुत्साहित गर्न सामग्री राख्न पाउने समय सीमा तोकी तोकिएको समयमा सामाग्री व्यवस्थापन गर्न अटेर गर्ने व्यक्तिको नगरपालिकामा रहेको नक्सापास धरौटीलाई जफत गर्ने प्राव्धानलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१०. नगरपालिकाको निर्माणाधिन वर्तमान बसपार्कलाई नगर विकास कोषको ऋण सहयोगमा आधुनिक एवं व्यवस्थित सिटी बसपार्कको रुपमा विकास गरिनेछ ।

११. नगरपालिकाको फोहर मैलाको उचित व्यवस्थापनका लागि ल्याण्डफिल साइटको जग्गा नगरपालिकाको स्वामित्वमा लिने प्रकृया अगाडी बढाईनिर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१२. भवन निर्माण गर्दा राख्नुपर्ने धरौटी रकमको १० प्रतिशतले हुने रकम मर्मत सम्भार कोषमा राख्नुपर्ने व्यवस्था गरिनेछ ।

१३. नगर क्षेत्रमा जडित सडक वत्तिलाई व्यवस्थित बनाउन स्थानीय सहकारी, टोल विकास संस्था, क्लबहरु एवं नीजि क्षेत्रसंग सहकार्य गरि उज्यालो नगरको कार्यक्रम संचालन गरिनेछ ।
१४. बजार क्षेत्रमा सोलार सडक वत्ति राख्नका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।
१५. फोहरमैला व्यवस्थापन, पार्किङ्ग व्यवस्थापन, सार्वजनिक शौचालय,पशु वधशाला संचालन व्यवस्थापन आदि कार्यहरुलाई सार्वजनिक नीजि साझेदारीको अवधारण अनुरुप संचालन गर्न प्राथमिकता दिईनेछ ।
१६. शहरी नापी कार्यक्रमलाई कार्यान्वयन गर्न सम्बन्धित निकायसंग सहकार्य र समन्वय गरिनेछ ।
१७. अपांगमैत्री भवन निर्माणको नक्शा पास दस्तुरमा १५ प्रतिशत छुट दिईनेछ ।
१८. घरको नक्शापास गर्दा सरकारी भवनमा अनिवार्य रुपमा आकाशे पानी संकलनको प्रविधी जडान गर्न लगाइने छ भने निजी भवनमा यस्तो प्रविधि जडान गर्नेलाई प्रोत्साहित गर्न नक्शापास दस्तुरमा १५ प्रतिशत छुट दिईने छ।
१९. घर निर्माण सम्पन्न प्रमाण पत्र दिंदा छतको पानीको उचित व्यवस्थापन भए नभएको हेरेर मात्र दिइनेछ, छतको पानी खुल्ला रुपमा सडक एवं फुटपाथमा यात्रुलाई असर पर्ने गरि निस्कासनलाई पूर्णरुपमा निषेध गरिनेछ ।
२०. घर निर्माण सम्पन्नको प्रमाण पत्र दिंदा व्यवस्थित सेफ्टी ट्यांक, एक घर २ बिरुवा अनिवार्य नीतिको अवलम्वन गरिनेछ ।
२१. यस नगरपालिकाले ठेक्काद्वारा काम गराउंदा ई विडिङ्ग प्रकृयालाई अवलम्वन गरिनेछ ।
२२. नेपाल सरकारबाट जारी भएको राष्ट्रिय भवन निर्माण संहिता र भवन निर्माण मापदण्डलाई आधार मानि यस न.पा.को भवन निर्माण संहिता २०६० लाई आवश्यक संशोधन गरि भवन निर्माण संहिता र मापदण्डलागु गर्न न.पा.बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने ।
२३. नेपाल सरकारबाट भूकम्प प्रतिरोधक घर निर्माण सम्बन्धि निर्देशिका जारी हुनु पूर्व निर्माण भएका घरहरुलाई प्राविधिक प्रतिवेदनका आधारमा नक्शापास प्रकृयामा ल्याइने छ ।
२४. वीरेन्द्रनगरका १ देखि १२ वडाका गुरुयोजनामा परेका सडकहरुको लगत कट्टाका लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।

**सामाजिक विकास :**

१. बालमैत्री नगर घोषणाकालागि सरोकारवालाहरु समन्वय गरि सयूक्त कार्य योजना निर्माण गरि गतिविधि अगाडी बढाईनेछ ।
२. नगरपालिकाद्वारा गठन गरीएका टोल विकास संस्थाहरु लाई समुदाय परिचालनको सशक्त माध्यम मान्दै सम्पूर्ण घरलाई टोल विकास संस्थामा आवद्धता गराउदै जाने र टोल विकास संस्थागठन नभएका वडाहरुमा समेत नयाँ टोल विकास संस्था गठन गर्ने र निस्कृय टोल विकास संस्थाहरुलाई सक्रिय बनाउदै लगिनेछ ।
३. वडा तहका विकास निर्माण, सरसफाई, सडक वत्ती एवं विभिन्न सामाजिक गतिविधीहरुमा अधिक मात्रामा टोल विकास संथाहरुलाई सरिक गराई टोल संस्थाहरुलाई उत्तरदायी एवं लागत सहकार्य गर्ने सहयोगी नागरिक समाजको संगठनको रुपमा विकास गरिनेछ ।
४. नगरपालिकाको साझेदारी विकास कोषको सही ढंगबाट लक्षित वर्गसम्म पुग्नेगरी परिचालन गरिनेछ। साथै कोषको वृद्धि गर्दै बिस्तारित नगरक्षेत्रका विपन्न नगरबासीहरुलाई समेत यसबाट लाभ पुऱ्याउन आवश्यक प्रकृया अगाडी बढाइने छ ।
५. नगरपालिकाका स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृदि गराउन आवश्यक तालिमको व्यवस्थाका लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।

६. स्वयंसेविकाहरुको आयआर्जन र स्वास्थ्य उपचारको कार्यमा टेवा पुऱ्याउन स्वयंसेविका कोषको स्थापना गरिनेछ ।
७. नगरपालिकाद्वारा संचालन गरिएका शहरी स्वास्थ्य केन्द्रहरुको सेवा अझ बढी व्यापक र प्रभावकारी गराउन बिस्तारित नगर क्षेत्रमा समेत शहरी स्वास्थ्य क्लिनिकको सेवा जिल्ला स्वास्थ्य कार्यालयसंग सहकार्य गरि बिस्तार गरिने छ ।
८. पिछडीएका वर्ग, जातिबाट भए गरेका उल्लेख्य गतिविधिलाई प्रचार प्रसार गराउने संचारकर्मीलाई सम्मान गरिने छ र विपन्न वर्ग एवं पिछडीएको क्षेत्रबाट आइ सुर्खेतमा पत्रकारिता गर्दै गरेका २ जना (महिला, पुरुष १/१ जना) पत्रकारलाई पत्रकार महासंघ संगको समन्वयमा छात्रवृत्ति प्रदान गरिने छ ।
९. अपाङ्ग/असहायहरुको लगत अद्यावधिक गरी क्षमता अनुसारको उद्यमशिलता विकासका लागि उचित अवसरको श्रृजना गर्ने । साथै अपांग बालबालिकाहरुको प्रतिभा प्रस्फुटन गराउन कार्यक्रम संचालन गरिनेछ ।
१०. यस नगरपालिकाको सिभिलकोड(Civil Code)निर्माण गरि लागु गरिनेछ ।
११. सःशुल्क रगत लिन नसक्ने नगरबासीहरुका लागि गरिवकालागि रक्तदान कोष निर्माण कार्यलाई निरन्तरता दिइने छ।
१२. नगरपालिकाभित्र संचालित बालविकाश केन्द्रहरुको स्तर सुधार गर्दै प्रभावकारी संचालनमा स्थानीय सहभागीता र व्यवस्थापनमा जोड दिइने । बाल विकास केन्द्रहरुको प्रभावकारी अनुगमन गरी १५ जना भन्दा कम बालबालिका हुने बालविकास केन्द्रहरुमा नगरपालिकाले दिने अनुदान रोक्का राखिनेछ ।
१३. बालविकास केन्द्रको रुपमा समेत प्रयोगमा आउने गरी बहुउद्देश्यीय सामुदायिक भवन एवं बालविकास केन्द्र निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
१४. नगर क्षेत्रका पर्यटकीय एवं धार्मिक स्थलहरुको लगत संकलन गरी डिजिटल डकुमेन्ट्री निर्माण यि स्थलको संरक्षण एवं सम्वर्द्धन गरिनेछ ।
१५. कला, संस्कृति, साहित्य, खेलकूद,पत्रकारिता र उद्यम प्रवर्द्धनका लागि श्रष्टा सम्मान कार्यक्रम गरिनेछ ।
१६. वीरेन्द्रनगरमा बाल सुधार गृह निर्माणका लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।
१७. नगरपालिका क्षेत्रका मृत व्यक्तिहरुको शवदाह गरिने स्थानहरुको सुधार गर्न विभिन्न निकायसंग सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ ।
१८. जेष्ठ नागरिकको बांकी जीवन सहज, सरल बनाउनसाथै समय व्यतित गर्न सहयोग पुग्ने वृद्ध आश्रम, डे कियर सेवा संचालनमा जोड दिइने छ ।
१९. न.पा.द्धारा गठित नागरिक सचेतना केन्द्रहरुको क्षमता विकास गर्दै नागरिक सचेतना केन्द्रमा संलग्न सदस्यहरुलाई आय आर्जनमूलक गतिविधिमा विशेष सक्रिय गराइने छ ।
२०. वडानागरिक मञ्चहरुको क्षमता विकास गरि नागरिक निगरानी, वडाको सरसफाई तथा हरियाली प्रर्वद्धन जस्ता कार्यमा सक्रिय मञ्चको रुपमा विकास गरिने छ ।
२१. बालश्रममुक्त नगरका रुपमा विकास गर्न प्रकृया अगाडी बढाइने छ ।
२२. जातिय छुवाछुत तथा भेदभावमुक्त नगरघोषणा गर्न सरोकारवाला संघ संस्थाहरु संग समन्वय गरि कार्य योजना निर्माण गरि गतिविधि अगाडी बढाईनेछ ।
२३. सार्वजनिक विद्यालयहरुको पूर्वाधार निर्माण गर्दा लैगिंकमैत्री एवं बालमैत्री अवधारणालाई विशेष जोड दिएर संरचना निर्माण गरिनेछ ।

२४. नगरपालिकाद्वारा प्रस्तावित अभियानहरु संचालन गर्न सहयोग गर्ने टोल एवं सामुदायिक संस्था, गैर सरकारी संस्थालाई सम्मान गरिने छ ।
२५. नगरस्तरमा एन.जि.ओ डेस्क स्थापना गरी गै.स.स.हरुको कार्यक्रमको संयोजन गरिनेछ ।
२६. नगरपालिका भित्र रहेका विभिन्न पार्कहरुलाई नीजि क्षेत्रको संलग्नतामा संचालन एवं व्यवस्थापन गराउन आवश्यक सहजीकरण गरिने छ ।

**सुशासन र संगठन विकास :**

१. नगरपालिकाको सेवालाई सहजरुपमा जनताको घर दैलो सम्म पुरयाउन एकीकृत वडा कार्यालयहरु पायक पर्ने स्थानमा राखिनेछ । हालका एकीकृत वडा कार्यालयका अलावा थप स्थानमा समेत संयूक्त वडा कार्यालय स्थापना गरिने छ ।
२. नगरपालिकाको नागरिक वडा पत्र (Citizen Charter)को समयसापेक्ष संशोधन गर्दै वडापत्रको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ । यसको प्रभावकारी कार्यान्वयन गर्न विभिन्न पिछडिएका वस्तीहरुमा पुगी अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
३. नगरपालिकाको Website: www.birendranagarmun.gov.npअद्यावधिक गरी नगरपालिकाको हरेक सूचनालाई Website मा राखीनेछ ।
४. न.पा. को सेवा प्रवाह गर्न गुनासो सुन्नका लागि हेलो वीरेन्द्रनगर(www.facebook.com/hellobirendranagar), सूचना प्रवाह गर्नका लागि फेसबुक पेज (www.facebook.com/birendranagarmun)र अडियो नोटिस बोर्ड सुन्नका लागि अडियो नोटिस बोर्ड नं. १६१८०८३५२०१२८ बाट सेवा प्रवाहमा प्रभावकारी बनाइनेछ ।
५. न.पा. को परिमार्जित संगठन संरचनालाई कार्यान्वयन गर्दै संगठन विकास अध्ययनले निर्देशित गरेका सुझावहरुको कार्यान्वयन गर्दै प्रत्येक कर्मचारीहरुलाई कार्य विवरण दिई कार्य सम्पादनका आधारमा कर्मचारी मूल्यांकन गरिनेछ।
६. यस नगरपालिकाको साविकका १२ वडाको सूचना संकलित प्रोफाइललाई अद्यावधिक गर्दै २५ वटै वडालाई समेटी नगर प्रोफाइलको निर्माण र प्रकाशन गरिनेछ ।
७. न.पा.का कर्मचारी एवं पदाधिकारी, उपभोक्ता समिति र टोल विकास संस्थाहरुको पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
८. न.पा. बाट भए गरेका गतिविधी र आम्दानी खर्चको मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।
९. वर्षमा कम्तीमा ३ पटक न.पा. का गतिविधिका बारेमा सार्वजकि सुनुवाईको व्यवस्था गरिनेछ ।
१०. कर्मचारीहरुको का.स.मु. लाई कार्य विवरणसंग आवद्ध गरी वस्तुगत, नियमित र प्रभावकारी बनाइनेछ । यसको आधारमा कर्मचारीहरुको आन्तरिक सरुवा, पदस्थापना, तालिम, पुरस्कार, दण्डको व्यवस्था गरिनेछ ।
११. न.पा. कार्यालयको सेवा प्रवाहलाई व्यवस्थित गर्न पाक्षिक रुपमा महाशाखा, शाखा, उपशाखा प्रमुखको समीक्षा वैठक र मासिक रुपमा समग्र कर्मचारीको वैठक गर्ने प्रवन्ध गरिनेछ ।
१२. देशभित्रका कुनै एक नगरपालिकासंग भगिनि नगर सम्बन्धका रुपमा सम्बन्ध स्थापना गरी पदाधिकारी र कर्मचारीहरु बीच सिकाइ आदान प्रदानको वातावरण श्रृजना गरिने ।
१३. वृद्ध तथा अपाङ्गको सम्मानकालागि यस्ता व्यक्तिहरुलाई नगरपालिकाबाट हुने सम्पुर्ण सिफारिसहरु निःशुल्क गर्ने नीतिलाई निरन्तरता दिनइने छ ।
१४. महिलाको नाममा रहेको व्यवसायिक फर्मको व्यवसायकरमा १० प्रतिशत छुट दिइने छ ।
१५. न.पा.द्वारा संचालित सामाजिक मेलमिलाप कार्यक्रममा संलग्न मेलमिलापकर्ताहरुको क्षमता विकास गर्दै सामाजिक झै झगडामा मेलमिलापको वातावरण श्रृजना गराउन प्रेरित गरिनेछ ।

**कृषि, वातावरण, स्वास्थ्य  एवं सरसफाई सम्बन्धी :**

१. वीरेन्द्रनगरलाई "हरित नगर(Green City)का रुपमा विकास गर्दै वातावरणमैत्री नगरका रुपमा विकास गर्न प्रकृया अगाडी बढाइने छ ।

२. वातावरण मैत्री नमुना उद्यमी गाउं निर्माणकालागि सुर्खेत कृषि विकास कार्यालय, पशु विकास कार्यालय, घरेलु विकास समिति, उद्योग वाणिज्य संघ लगायत अन्य संघ संस्थाहरु संग समन्वय गरिने छ ।

३. नगरभित्रका ऐलानी प्रति जग्गाहरुको लगत संकलन गर्दै यस्ता ऐलानी प्रति जग्गा र नगरको गुरुयोजनामा उल्लेखित पार्क एवं उद्यानहरुमा जिल्ला वन कार्यालय संग समन्वय गरि वृक्षारोपण एवं वोटानिकल पार्क निर्माणका गुरुयोजना निर्माण गरिनेछ ।

४. न.पा. क्षेत्रको हरियाली वृद्धिमा जोड दिन नाला निर्माण भईसकेका सडक छेउका जग्गाधनीहरुलाई अनिवार्य वृक्षारोपण गर्न टोल विकास संस्थालाई परिचालन गरिनेछ । प्रत्येक घरको निर्माण सम्पन्न प्रमाण पत्र दिंदा अनिवार्य २ वटा बिरुवा रोप्नु पर्ने नियम कार्यान्वयनमा ल्याइने छ ।

५. वीरेन्द्रनगरलाई स्वच्छ सफा र सुन्दर बनाउन सहयोगी संस्थाको सहयोगमा नगरको सरसफाई तथा स्वच्छता योजना( City Sanitation Plan)को प्रभावकारी कार्यान्वयनमा जोड दिइने छ ।

६. निजी क्षेत्रको संलग्नतामा संचालित सःशुल्क बजार सफाई कार्यक्रमलाई निरन्तरता दिंदै बजार क्षेत्र बाहेकका अन्य शहरी क्षेत्रमा समेत यसै शैलीमा फोहर व्यवस्थापनको प्रकृया अगाडी बढाइनेछ ।

७. नगरपालिकाको निर्माणाधिन ल्याण्डफिल साइटलाई प्रयोगमा ल्याइ फोहर व्यवस्थापनको स्तरवृद्धिका क्रममा उक्त स्थानमा स्वास्थ्य संस्थाको फोहर र सेफ्टी ट्यांकीको फोहर व्यवस्थापन (Faecal Sludge Management)गर्न आवश्यक प्रविधिको निर्माणकालागि सहयोगी संस्थाहरु संग पहल गरिनेछ ।

८. नगरकोPOST ODFका कार्यक्रमलाई वातावरणमैत्री शासनसंग जोडेर विभिन्न सरकारी एवं गैर सरकारी संघ संस्थाको सहयोगमा अगाडी बढाइने छ ।

९. नगरक्षेत्रका विभिन्न स्थानमा व्यवसायिक रुपमा कृषि कार्य गर्ने क्षेत्रहरुलाई कृषि तथा पशुपालन पकेट क्षेत्र तोक्न जिल्ला कृषि कार्यालयसंग समन्वय गर्ने ।

१०. नगरभित्रका मुख्य चोक एवं बढी नागरिक भेला हुने विभिन्न स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गर्न  विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसंग लागत साझेदारी गर्नका साथै नीजि क्षेत्रलाई समेत सःशुल्क शौचालय सेवा दिने अवसर दिइने छ । साथै ब्यस्त स्थानहरुमा शौच सेवा प्रदान गर्न घुम्ती शौचालय सेवालाई व्यवस्थित गरिनेछ ।

११. वनपैदावार बिक्री केन्द्र स्थापना गर्न सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।

१२. प्लाष्टिक नियन्त्रणका लागि विभिन्न अभियान संचालन गर्नका साथै प्लाष्टिक मुक्त शहरका रुपमा विकास गर्न आवश्यक कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।साथै पलाष्टिक झोलाको प्रयोगमा प्रतिवन्द्ध लगाउन सरोकारवालहरुसंग समन्वय गरिनेछ र प्लाष्टिक न्यूनिकरणका लागि वैकल्पिक झोला उत्पादकहरुलाई प्रोत्साहन गरिनेछ ।

१३. बजार क्षेत्रमा फोहरबाट मल उत्पादनमा जोड दिंदै घरको फोहरलाई घरमै मल बनाइ प्रयोग गराउन कौशी खेति गर्न सहयोगी निकायहरु संग अनुरोध गरिनेछ ।

१४. सडक छेउका सतहढलहरुमा फोहर एवं निर्माण सामग्री फाल्नेलाई फोहरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम कारवाहीको नीति अवलम्बन गरिनेछ ।

१५. नगर क्षेत्रमा स्वस्थ मासु उत्पादन तथा बिक्री वितरणका लागि तयार गरिएको मासु अनुगमन निर्देशिकालाई अनुमोदन गर्दै सो को आधारमा बजार अनुगमनलाई प्रभावकारी गराइने छ ।बंगुर र रांगाको लागि समेत बधशाला निर्माण गर्न पशु सेवा विभागमा र निर्माण स्थल उपलब्ध गराउनका लागि सुर्खेत उपत्यका नगर विकास समितिमा अनुरोध गरिनेछ ।

१६. बजार क्षेत्रको ट्राफिक व्यवस्थापनका लागि हुंदै आएकोअस्थायी पार्किङ्गलाई व्यवस्थित गरिनेछ । साथै आवश्यक ठाउंहरुमा जेब्रा क्रसिङ्ग र ट्राफिक चिन्हको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै व्यवस्थित पार्किङ्ग क्षेत्र तोक्न सुर्खेत उपत्यका नगर विकास समिति र सरोकारवालाहरु संग समन्वय गरिनेछ ।

१७. निर्माण सामग्रीलाई सडकमा लामो सयमसम्म राख्ने कार्यलाई निरुत्साहित गर्दै निश्चित समयमा निर्माण सामग्री व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

१८. सार्वजनिक बाटो, चोक तथा अन्य सरकारी ऐलानी जग्गा अतिक्रमण गरी बनाइएका घर टहरा जिल्ला स्थित विभिन्न राजनैतिक दलहरु तथा अन्य सरोकारहरुसंगको समन्वयमा हटाइने अभियानलाई निरन्तरता दिइनेछ ।

१९. छाडा कुकुर नियन्त्रण एवं रेविज विरुद्ध खोप कार्यक्रम संचालन गरिनेछ ।

२०. वीरेन्द्रनगरमा कृषि तथा पशु हाटबजार निर्माण एवं संचालनमा सम्बन्धित निकायसंग सहकार्य गरिनेछ ।

२१. नगरको सरसफाई एवं वातावरण संरक्षण गर्ने कार्यमा विशेष योगदान पुरयाउने व्यक्ति तथा संस्थालाई सम्मान गरिनेछ ।

२२. नगरको ग्रामिण क्षेत्रमा सतहढल निर्माण गर्दा सिंचाईकालागि कुलोको रुपमा समेत प्रयोगमा आउने गरि निर्माणमा जोड दिइनेछ ।

२३. एक वस्तु एक नगरको अवधारणा बमोजिम यस नगरको समेत एक वस्तु पहिचान गरि सो को प्रर्वद्धनकालागि सुर्खेत उद्योग वाणिज्य संघ लगायत सरोकारवाला सरकारी निकायहरु संग समन्वय गरि प्रर्वद्धनको योजना निर्माण गर्न सहयोगी संस्थाको खोजी गरिनेछ ।

२४. यस नगरपालिकाको लागि नगरपरिषदबाट स्वीकृत अध्यावधिक विपद व्यवस्थापन योजना (DRMP)(आ.व.२०७२ देखि २०७४) लाई प्रभावकारी कार्यान्वयनमा जोड दिइने छ ।

**(ख). प्राथमिकताका आधारहरु**

- सन्तुलित विकासलाई मध्य नजर गरी सवै वडाबाट वितरण सकभर समानुपातिक रुपमा छनौट गर्ने ।
- सर्व साधारण लाई प्रत्यक्ष फाईदा हुने र आय आर्जन हुने क्षेत्रलाई प्राथमिकता दिने ।
- लक्षित वर्गलाई केन्द्रित हुनेगरी आयमुलक र सीप मुलक कार्यक्रममा जोड दिने ।
- वढि जनसहभागिता हुने र श्रममुलक योजनालाई प्राथमिकता दिने ।
- मानव संसाधन विकासलाई उच्च प्राथमिकता दिने ।
- राजनितिक दल नागरीक समाज विषय विज्ञबाट प्राप्त सुझाव र सल्लाहहरुलाई पृष्ठपोषणको रुपमा लिने ।
- योजना कार्यन्वयन गर्दा प्राथमिकतामा परेका योजनाहरुलाई विषेश प्राथमिकता दिने ।

- शुद्ध खानेपानी स्वास्थ्य सेवा क्षेत्रमा स्तरीय सेवा पुर्‍याउन विशेष जोड दिने ।
- कृषि उत्पादकत्व वढाउन विशेष पहल गर्ने ।

**ग). संस्थागत क्षमता तथा सेवाप्रवाहमा सुधार :**
नगरपालीकाको संगठन संरचना पुनरावलोकन गरी स्पष्ट रूपमा शाखागत तथा पदीय कार्य विवरण परिमार्जन गरी जवाफदेही कार्यसम्पादन संस्कारलाई संस्थागत गर्दै लगिने छ ।कर्मचारीहरूको कार्य दक्षता वृद्धिका लागि तालीमको आवश्यकता पहिचान गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरूका साथै, क्षमता अभिवृद्धिका लागि प्रशिक्षण र अध्ययन भ्रमणका कार्यक्रमहरू संचालन गरिने छन् । नगरपालीकाको कार्यालयबाट प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउन समय समयमा सार्वजनिक उत्तरदायित्व वहन गर्ने संयन्त्रहरू जस्तै सार्वजनिक सुनुवाइ, सुझाव पेटिका , नागरिक वडा-पत्र को व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ । आन्तरिक लेखापरीक्षण कार्यविधि, अनुगमन कार्यविधि, आन्तरिक आय बाँडफाँड कार्यविधि तथा कर्मचारी आर्थिक प्रशासन विनियमावलीमा तर्जुमा तथा सुधार गर्दै लगिने छ ।

**नीति कार्यान्वयनको अबस्था**

| क.स. | **नीति** | **कार्यान्वयनको अवस्था** | | **सुझाव** |
|---|---|---|---|---|
| | | **भएको छ** | भएको छैन | |
| १. | यस नगरपालिकाको एकिकृत सम्पत्तिकरको दरलाई सरोकारवालाहरु संग परामर्श गरि समय सापेक्ष पुनरावलोकन गर्दै व्यवहारिक बनाइने छ । | | भएको छैन | |
| २. | वीरेन्द्रनगरका १ देखि १२ वडा भित्रका जग्गाधनीहरुको नगरपालिकाको सडक गुरुयोजना बमोजिम बाटोमा परेका कित्ताको एकिकृत सम्पत्तीकर बुझ्दा वाटोले काटी बचेको जग्गा बाटोले काटेको भन्दा कम बचेको अवस्थामा जग्गाधनिले बाटोले जग्गा काटेको प्रमाण सहितको ट्रेश पेश गरि एकिकृत सम्पत्तिकर छुटका लागि बाटोमा काटेको जग्गालाई बाटोको प्रयोजनका लागि छोड्ने सहमति सहित न.पामा निवेदन दिएमा यस्ता जग्गाको एकिकृत सम्पत्तिकरमा बाटोले काटेको हिंसा छुट दिइ मूल्यांकन गर्ने र सोही बमोजिम कर असूल गरिनेछ । | भएको छ | | |
| ३. | नगरभित्रका जग्गाको सरकारी मूल्य निर्धारण गर्दा जग्गाको कित्ताले सडकलाई छोएको आधारमा गरि दिंदा जग्गाको अत्यन्तै थोरै भागले छुंदा समेत महंगो दरमा सम्पूर्ण जग्गाको मूल्यांकन हुंदा यस नगरपालिकाले लगाउने एकिकृत सम्पत्तीकरको दरमा समेत प्रभाव पारेकाले यस प्रकारका जग्गाको सरकारी दररेट तोक्दा बाटोमा छोएको मोहडा र पिछाडलाई समेत आधारमाथि | भएको | | |

| | | | | |
|---|---|---|---|---|
| | मूल्यांकन गर्ने व्यवस्था हुन जिल्लास्तरमा रहेको जग्गाको सरकारी मूल्यांकन समितिमा अनुरोध गरिनेछ । | | | |
| ४. | नगरबासीहरुले नगरपालिकामा बुभ्फाउने विभिन्न करलाई सहज ढंगबाट बुभ्फाउने वातावरण निर्माणका लागि वडा कार्यालयमा समेत कर बुभ्फाउन मिल्ने व्यवस्थाको शुरुवात गरिनेछ । | भएको | | |
| ५. | छ. नगरको शहरी पूर्वाधारसंग जोडिएको ल्याण्डफिल साइटद्वारा प्रभावित क्षेत्र बासीको मागलाई उचित सम्बोधन गर्दै उक्त क्षेत्रको हरियाली एवं वातावरण संरक्षण र स्थानिय विपन्न वर्गको आयआर्जन एवं स्वास्थ्य प्रर्वद्धनका लागि वडालाई उपलब्ध गराइने न्यूनतम अनुदानका अलावा थप रकमको व्यवस्था गरिनेछ । | | भएको छैन | १ नीति १ कार्यक्रम गरेर सबै विषयगत शाखाहरुलाई नीतिमा समाबेश गर्ने परम्परालाई कायम गरेर अगाडि बढनु पर्ने । |
| ६. | सबैभन्दा धेरै तथा नियमित रुपमा समयमा कर तिर्ने करदाताहरु मध्ये ४ जनालाई नगरपालिकाको स्थापना दिवसमा सम्मान गरिनेछ । | | भएको छैन | |
| ७. | हालसम्म व्यवसाय कर तथा अन्य कर तिर्न बांकी व्यवसायीहरुलाई कर तिर्नको लागि फेरि अनुरोध गरिनेछ । बारम्वार अनुरोध गर्दा पनि कर नतिर्ने व्यवसायीहरुको नाम, ठेगाना न.पा.को सूचना पाटीमा टांस गर्ने, उनीहरुलाई न.पा. ले प्रदान गर्ने सम्पूर्ण सेवा, सुविधा रोक्का राखिनेछ (आवश्यक देखिएमा विद्युत, खानेपानी, टेलिकम कार्यालयसंग समन्वय गरी उनीहरुलाई दिइने सेवा सुविधा रोक्का राख्ने पूर्व नगर परिषदको निर्णयलाई कार्यान्वयन गरिनेछ । | | प्रभाबकारी भएन | प्रभाबकारी नहुनको कारण खोजि गर्ने र पुन प्रयास गर्नु पर्ने । |
| ८. | निर्माण व्यवसायीहरु (ठेकेदारहरु) बाट नगरपालिकाले आफ्ना सम्पूर्ण निर्माण कार्य उपभोक्ता समितबाट मात्र गराउने तर आफुहरु माथि व्यवसाय कर लगाउने गरेको भन्ने गुनासो आएकोले निर्माण व्यवसायीहरुको मागलाई मध्यनजर गरी वर्षमा कम्तिमा एउटा निर्माण कार्य ठेक्कामा गराउने र त्यसमा व्यवसाय कर चुक्ता गरेकोले मात्र प्रतिस्पर्धामा भाग लिन पाउने नीतिलाई निरन्तरता दिइने छ । | भएको | | |
| ९. | नगरपालिकाले नियमानुसार तिर्नुपर्ने कर, दस्तुर तिरेका व्यवसायीहरुबाट मात्र आफूलाई आवश्यक पर्ने वस्तु तथा सेवा खरिद गरिनेछ । | | केही | पूर्णरुपमा कार्यान्वयन गर्नु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| १०. | कुनै पनि व्यक्ति विकास निर्माण कार्यको उपभोक्ता समितिहरुमा बस्न अन्य कुराका अतिरिक्त चालु आ.व. सम्म नगरपालिकालाई नियमानुसार तिर्नुपर्ने कर, दस्तुर अनिवार्य रुपमा तिरेको हुनुपर्ने व्यवस्था गरिनेछ । | | केही | |
| ११. | न.पा. को व्यवसाय कर तथा बहाल कर संकलनमा प्रभावकारिता ल्याउन घरेलु तथा साना उद्योग विकास समिति, जिल्ला विकास समिति, करदाता सेवा कार्यालय, उद्योग वाणिज्य संघसंग समन्वय गर्दै फर्म नविकरणमा सम्बन्धित नगरपालिका तथा गा.वि.स.मा व्यवसाय कर चुक्ता गरेको प्रमाण पत्र समावेश गर्न अनिवार्य गराउन अनुरोध गर्ने र यसको नीतिगत व्यवस्था गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गरिनेछ । | | भएन | प्रभाबकारी नभएकोले प्रभाबकारी बनाउनु पर्ने । |
| १२. | राजश्व असुली कार्यलाई वस्तुपरक र प्रभावकारी बनाउन उद्योग वाणिज्य संघ समेतको सहभागितामा करदाता र कर योग्य वस्तुको आवश्यक तथ्यांकलाई अद्यावधिक गरिनेछ । | भएको | | |
| १३. | वीरेन्द्रनगर नगरपालिकाको लेखा प्रणालीलाई संस्थागत लेखा प्रणाली (कर्पोरेट एकाउन्टीङ्ग सिस्टममा) मा रुपान्तरण गर्न आवश्यक तयारी गरिनेछ । | | नभएको | |
| १४. | स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रका तोकिएका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर लगाउन सक्नेछ भन्ने व्यवस्था बमोजिम नगरपालिकाले सवारी कर संकलन गर्दै आएकोमा सरोकारवाला निकाय तथा सम्बन्धित सरकारी कार्यालयहरुको सहयोग प्राप्त गरी यो करलाई अनिवार्य र व्यवस्थित गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीय निकायमा सवारी कर चुक्ता भएपछि मात्र यातायात व्यवस्था कार्यालयले सवारी साधनको नामसारी, दर्ता नविकरण र सवारी कर संकलन गर्ने व्यवस्था सवारी ऐनमा राख्न नेपाल सरकारलाई अनुरोध गरिनेछ । | | नभएको | १ नीति १ कार्यक्रम गरेर सबै विषयगत शाखाहरुलाई नीतिमा समाबेश गर्ने परम्परालाई कायम गरेर अगाडि बढनु पर्ने । |
| १५. | पेश्की फछ्र्यौटलाई प्रभावकारी गराउन आवश्यक कदम चालिनेछ । यस कार्यालयका कर्मचारीको नाममा भएको पेश्की फछ्र्यौट गर्न सम्बन्धित कर्मचारीलाई १ महिनाको समय दिइनेछ । तोकिएको समय भित्र पेश्की फछ्र्यौट नगर्ने कर्मचारीको तलब रोक्का गरी असुल गरिनेछ । | | प्रभाबकारी नभएको | प्रभाबकारी नभएकोले प्रभाबकारी बनाउनु पर्ने । |
| १६. | अपांगद्वारा संचालित उद्यम एवं व्यवसायको व्यवसाय करमा २० प्रतिशत छुट दिइने छ । | भएको | | |

| | | | | |
|---|---|---|---|---|
| १७. | यस नगरपालिकामा वातावरण संरक्षण कोष, मर्मत सम्भार कोष, विपद व्यवस्थापन कोष निर्माण गरि सो को प्रभावकारी कार्यान्वयन गर्ने । | | भएन | प्रभाबकारी नभएकोले प्रभाबकारी बनाउनु पर्ने । |
| १८. | नगरपालिकाका टेक्टर, जे.सि.भि.लाई नगरपालिका स्वयंले मर्मत गरि सञ्चालन गर्दा आम्दानी भन्दा सञ्चालन खर्च बढी हुने गरेको देखिएकोले लिलाम विक्रिको प्रकृया अगाडी बढाइनेछ । | | नभएको | |
| १९. | सार्वजनीक निजी साझेदारी समितिलाई सक्रिय गराई साझेदारीका क्षेत्रहरु छनौट गरी सार्वजनीक निजी साझेदारी अवधारण अनुसार नगरपालिकाका स्वामित्वमा रहेका संरचना तथा जग्गाहरुमा एएए कार्यक्रम संचालन गरिनेछ । | | भएन | प्रभाबकारी नभएकोले प्रभाबकारी बनाउनु पर्ने । |
| २०. | यस न.पा.को स्वामित्वमा रहेको हटिया वजारको खालि जग्गामा सार्वजनिक नीजि साझेदारी अवधारणामा सपिङ्ग कम्ल्पेक्स निर्माण गर्न सभाव्यता अध्ययनका लागि सहयोगी निकायमा अनुरोध गरिने छ । | भएको | | |
| २१. | सुर्खेत उद्योग वाणिज्य संघ संचालन गर्न लागेको सुर्खेत लगानी वर्ष २०७३ कार्यक्रमा सहकार्य गर्दै यस नगरमा ५० जना भन्दा बढी रोजगार दिने व्यवसायिक फर्म कम्पनीलाई सम्मान गर्ने, यस्ता प्रकारका व्यवसायिक फर्म भित्राउन पहल गर्ने । | | नभएको | |
| २२. | व्यवसाय कर असूली सम्वन्धमा उद्योग वाणिज्य संघ सुर्खेतसंग गरिएको सम्झौतालाईलाई निरन्तरता दिंदै कर असूलीमा प्रभावकारीता ल्याउन व्यवसाय करको ग्रेडिङ्गका सम्बन्धमा उद्योग वाणिज्य संघसंग समन्वय गरि गरिनेछ । | भएको | | |
| २३. | विस्तारित नगर क्षेत्रका जमिनमा बढ्दै गएको अव्यवस्थीत बसोबास र सडक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ । | | | प्रभाबकारी नभएकोले प्रभाबकारी बनाउनु पर्ने । |
| २४. | वीरेन्द्रनगर नगरपालिका वडा नं. १३ सुब्बाकुना क्षेत्रमा अटो भिलेज स्थापनाका लागि सरोकारवालासंग समन्वय गरिनेछ । | | नभएको | १ नीति १ कार्यक्रम गरेर सबै विषयगत शाखाहरुलाई नीतिमा समावेश गर्ने परम्परालाई कायम गरेर अगाडि बढनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| २५. | सुर्खेत उद्योग वाणिज्य संघसंगको सहकार्यमा बजार क्षेत्रमा सि.सि. क्यामरा जडानको कार्य थालनी गरिने । | भएको | | |
| २६. | नगरपालिकाको बृहत शहरी विकास गुरुयोजना, आवधिक योजना निर्माण, नगर यातायात गुरुयोजना निर्माण कै क्रममा भएकाले सो को स्वीकृत गरि लागु गर्न न.पा. बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने । | | नभएको | |
| २७. | नगरपालिकाको समग्र ढल निकासको गुरुयोजना तयार गरि बजार क्षेत्रको खुला ढललाई मर्मत सुधार तथा आवश्यकता अनुसार पुनर्निर्माण गरी बन्द ढलमा परिवर्तन गर्न सहयोगी निकायहरुसंग अनुरोध गरिनेछ । साथै बजार क्षेत्रमा फुटपाथलाई व्यवस्थित गरिनेछ । | | नभएको | |
| २८. | सार्वजनिक नीजि साझेदारी अवधारणामा क्षेत्रीय स्तरको ऋक्ष्त्थ ज्बी एवं बहुउद्देश्यीय भवन निर्माणको प्रकृया शहरी विकास तथा भवन निर्माण विभाग, नगर विकास कोष लगायत विभिन्न निकायसंगको सहकार्यमा अघि बढाइनेछ । | भएको | | |
| २९. | नगर क्षेत्रभित्र घर निर्माण गर्दा अनिवार्य रुपमा भुकम्प प्रतिरोधक घर निर्माण गर्न भवन निर्माण संहितालाई कार्यान्वयन ल्याउने र सोको बारेमा जनचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ, तालिम प्राप्त मिस्त्रीबाट मात्र घर निर्माण गर्ने व्यवस्था गरिनेछ । | भएको | | |
| ३०. | सरकारी तथा सार्वजनिक संस्थानका कार्यालयहरुलाई समेत नक्शापासको व्यवस्था अनिवार्य गर्न आवश्यक कदम चालिनेछ । | भएको | | |
| ३१. | फुटपाथमा निर्माण सामाग्री राख्ने कार्यलाई निरुत्साहित गर्न सामग्री राख्न पाउने समय सीमा तोकी तोकिएको समयमा सामाग्री व्यवस्थापन गर्न अटेर गर्ने व्यक्तिको नगरपालिकामा रहेको नक्सापास धरौटीलाई जफत गर्ने प्राव्धानलाई प्रभावकारी कार्यान्वयन गरिनेछ । | केहीभएको | | |
| ३२. | नगरपालिकाको निर्माणाधिन वर्तमान बसपार्कलाई नगर विकास कोषको ऋण सहयोगमा आधुनिक एवं व्यवस्थित सिटी बसपार्कको रुपमा विकास गरिनेछ । | भएको | | |
| ३३. | नगरपालिकाको फोहर मैलाको उचित व्यवस्थापनका लागि ल्याण्डफिल साइटको जग्गा नगरपालिकाको स्वामित्वमा लिने प्रकृया अगाडी बढाई निर्माण कार्यलाई निरन्तरता दिइनेछ । | कार्यभैरहेको | | |
| ३४. | भवन निर्माण गर्दा राख्नु पर्ने धरौटी रकमको १० प्रतिशतले हुने रकम मर्मत सम्भार कोषमा राख्नु पर्ने व्यवस्था गरिनेछ । | भएको | | |
| ३५. | नगर क्षेत्रमा जडित सडक बत्तिलाई व्यवस्थित बनाउन | केहीभएको | | |

| | | | | |
|---|---|---|---|---|
| | स्थानीय सहकारी, टोल विकास संस्था, क्लबहरु एवं नीजि क्षेत्रसंग सहकार्य गरि उज्यालो नगरको कार्यक्रम संचालन गरिनेछ । | | | |
| ३६. | बजार क्षेत्रमा सोलार सडक वत्ति राख्नका लागि सम्बन्धित निकायमा पहल गरिने छ । | केहीभएको | | |
| ३७. | फोहर मैला व्यवस्थापन, पार्किङ्ग व्यवस्थापन, सार्वजनिक शौचालय, पशु वधशाला संचालन व्यवस्थापन आदि कार्यहरुलाई सार्वजनिक नीजि साझेदारीको अवधारण अनुरुप संचालन गर्न प्राथमिकता दिईनेछ । | भएको | | |
| ३८. | शहरी नापी कार्यक्रमलाई कार्यान्वयन गर्न सम्बन्धित निकायसंग सहकार्य र समन्वय गरिनेछ । | | भएन | |
| ३९. | अपांगमैत्री भवन निर्माणको नक्शा पास दस्तुरमा १५ प्रतिशत छुट दिईनेछ । | भएको | | |
| ४०. | घरको नक्शापास गर्दा सरकारी भवनमा अनिवार्य रुपमा आकाशे पानी संकलनको प्रविधी जडान गर्न लगाइने छ भने निजी भवनमा यस्तो प्रविधि जडान गर्नेलाई प्रोत्साहित गर्न नक्शापास दस्तुरमा १५ प्रतिशत छुट दिईने छ। | | भएन | |
| ४१. | घर निर्माण सम्पन्न प्रमाण पत्र दिंदा छतको पानीको उचित व्यवस्थापन भए नभएको हेरेर मात्र दिइनेछ, छतको पानी खुल्ला रुपमा सडक एवं फुटपाथमा यात्रुलाई असर पर्ने गरि निस्कासनलाई पूर्णरुपमा निषेध गरिनेछ । | | भएन | |
| ४२. | घर निर्माण सम्पन्नको प्रमाण पत्र दिंदा व्यवस्थित सेफ्टी ट्यांक, एक घर २ बिरुवा अनिवार्य नीतिको अवलम्वन गरिनेछ । द्दज्ञ | केही | | |
| ४३. | यस नगरपालिकाले ठेक्काद्वारा काम गराउंदा ई विडिङ्ग प्रकृयालाई अवलम्वन गरिनेछ । द्दद्द | भएको | | |
| ४४. | नेपाल सरकारबाट जारी भएको राष्ट्रिय भवन निर्माण संहिता र भवन निर्माण मापदण्डलाई आधार मानि यस न.पा.को भवन निर्माण संहिता २०६० लाई आवश्यक संशोधन गरि भवन निर्माण संहिता र मापदण्ड लागु गर्न न.पा.बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने । | भएको | | |
| ४५. | नेपाल सरकारबाट भूकम्प प्रतिरोधक घर निर्माण सम्बन्धि निर्देशिका जारी हुनु पूर्व निर्माण भएका घरहरुलाई प्राविधिक प्रतिवेदनका आधारमा नक्शापास प्रकृयामा ल्याइने छ । | भएको | | |
| ४६. | वीरेन्द्रनगरका १ देखि १२ वडाका गुरुयोजनामा परेका सडकहरुको लगत कट्टाका लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ । | गरिएको छ | | |

| | | | | |
|---|---|---|---|---|
| ४७. | बालमैत्री नगर घोषणाका लागि सरोकारवालाहरु समन्वय गरि सयूक्त कार्य योजना निर्माण गरि गतिविधि अगाडी बढाईनेछ । | | भएन | |
| ४८. | नगरपालिकाद्वारा गठन गरीएका टोल विकास संस्थाहरु लाई समुदाय परिचालनको सशक्त माध्यम मान्दै सम्पूर्ण घरलाई टोल विकास संस्थामा आवद्धता गराउदै जाने र टोल विकास संस्था गठन नभएका वडाहरुमा समेत नयाँ टोल विकास संस्था गठन गर्ने र निस्कृय टोल विकास संस्थाहरुलाई सक्रिय बनाउदै लगिनेछ । | भएको | | |
| ४९. | वडा तहका विकास निर्माण, सरसफाई, सडक वत्ती एवं विभिन्न सामाजिक गतिविधीहरुमा अधिक मात्रामा टोल विकास संथाहरुलाई सरिक गराई टोल संस्थाहरुलाई उत्तरदायी एवं लागत सहकार्य गर्ने सहयोगी नागरिक समाजको संगठनको रुपमा विकास गरिनेछ । | भएको | | |
| ५०. | नगरपालिकाको साझेदारी विकास कोषको सही ढंगबाट लक्षित वर्गसम्म पुग्ने गरी परिचालन गरिनेछ । साथै कोषको वृद्धि गर्दै बिस्तारित नगरक्षेत्रका विपन्न नगरबासीहरुलाई समेत यसबाट लाभ पुऱ्याउन आवश्यक प्रकृया अगाडी बढाइने छ । | केहीभएको | | |
| ५१. | नगरपालिकाका स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृदि गराउन आवश्यक तालिमको व्यवस्थाका लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ । | भएको | | |
| ५२. | स्वयंसेविकाहरुको आयआर्जन र स्वास्थ्य उपचारको कार्यमा टेवा पुऱ्याउन स्वयंसेविका कोषको स्थापना गरिनेछ । | भएको | | |
| ५३. | नगरपालिकाद्वारा संचालन गरिएका शहरी स्वास्थ्य केन्द्रहरुको सेवा अझ बढी व्यापक र प्रभावकारी गराउन बिस्तारित नगर क्षेत्रमा समेत शहरी स्वास्थ्य ल्किनिकको सेवा जिल्ला स्वास्थ्य कार्यालयसंग सहकार्य गरि बिस्तार गरिने छ । | भएको | | |
| ५४. | पिछडीएका वर्ग, जातिबाट भए गरेका उल्लेख्य गतिविधिलाई प्रचार प्रसार गराउने संचारकर्मीलाई सम्मान गरिने छ र विपन्न वर्ग एवं पिछडीएको क्षेत्रबाट आइ सुर्खेतमा पत्रकारिता गर्दै गरेका २ जना (महिला, पुरुष १/१ जना) पत्रकारलाई पत्रकार महासंघ संगको समन्वयमा छात्रवृत्ति प्रदान गरिने छ । | कोष निर्माण भएको | | |
| ५५. | अपाङ्ग/असहायहरुको लगत अद्यावधिक गरी क्षमता अनुसारको उद्यमशिलता विकासका लागि उचित अवसरको श्रृजना गर्ने । साथै अपांग बालबालिकाहरुको प्रतिभा प्रस्फुटन गराउन कार्यक्रम संचालन गरिनेछ । | केही | | |

| | | | | |
|---|---|---|---|---|
| ५६. | यस नगरपालिकाको सिभिल कोड (Civil Code) निर्माण गरि लागु गरिनेछ । | | भएन | |
| ५७. | सःशुल्क रगत लिन नसक्ने नगरबासीहरुका लागि गरिवका लागि रक्तदान कोष निर्माण कार्यलाई निरन्तरता दिइने छ । | भएको | | |
| ५८. | नगरपालिकाभित्र संचालित बाल विकाश केन्द्रहरुको स्तर सुधार गर्दै प्रभावकारी संचालनमा स्थानीय सहभागीता र व्यवस्थापनमा जोड दिइने । बाल विकास केन्द्रहरुको प्रभावकारी अनुगमन गरी १५ जना भन्दा कम बालबालिका हुने बाल विकास केन्द्रहरुमा नगरपालिकाले दिने अनुदान रोक्का राखिनेछ । | भएको | | |
| ५९. | बाल विकास केन्द्रको रुपमा समेत प्रयोगमा आउने गरी बहुउद्देश्यीय सामुदायिक भवन एवं बाल विकास केन्द्र निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । | भएको | | |
| ६०. | नगर क्षेत्रका पर्यटकीय एवं धार्मिक स्थलहरुको लगत संकलन गरी डिजिटल डकुमेन्ट्री निर्माण यि स्थलको संरक्षण एवं सम्वर्द्धन गरिनेछ । | भएको | | |
| ६१. | कला, संस्कृति, साहित्य, खेलकूद, पत्रकारिता र उद्यम प्रवर्द्धनका लागि श्रष्टा सम्मान कार्यक्रम गरिनेछ । | | नभएको | |
| ६२. | वीरेन्द्रनगरमा बाल सुधार गृह निर्माणका लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ । | भएको | | |
| ६३. | नगरपालिका क्षेत्रका मृत व्यक्तिहरुको शव दाह गरिने स्थानहरुको सुधार गर्न विभिन्न निकायसंग सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ । | भएको | | |
| ६४. | जेष्ठ नागरिकको बांकी जीवन सहज, सरल बनाउन साथै समय व्यतित गर्न सहयोग पुग्ने वृद्ध आश्रम, डे कियर सेवा संचालनमा जोड दिइने छ । | भएको | | |
| ६५. | न.पा.द्धारा गठित नागरिक सचेतना केन्द्रहरुको क्षमता विकास गर्दै नागरिक सचेतना केन्द्रमा संलग्न सदस्यहरुलाई आय आर्जनमूलक गतिविधिमा विशेष सक्रिय गराइने छ । | भएको | | |
| ६६. | वडा नागरिक मञ्चहरुको क्षमता विकास गरि नागरिक निगरानी, वडाको सरसफाई तथा हरियाली प्रर्वद्धन जस्ता कार्यमा सक्रिय मञ्चको रुपमा विकास गरिने छ । | भएको | | |
| ६७. | बाल श्रममुक्त नगरका रुपमा विकास गर्न प्रकृया अगाडी बढाइने छ । | | भएन | |
| ६८. | जातिय छुवाछुत तथा भेदभावमुक्त नगर घोषणा गर्न सरोकारवाला संघ संस्थाहरु संग समन्वय गरि कार्य योजना निर्माण गरि गतिविधि अगाडी बढाईनेछ । | | | |
| ६९. | सार्वजनिक विद्यालयहरुको पूर्वाधार निर्माण गर्दा | केही | | |

| | | | | |
|---|---|---|---|---|
| | लैगिंकमैत्री एवं बालमैत्री अवधारणालाई विशेष जोड दिएर संरचना निर्माण गरिनेछ । | | | |
| ७०. | नगरपालिकाद्वारा प्रस्तावित अभियानहरु संचालन गर्न सहयोग गर्ने टोल एवं सामुदायिक संस्था, गैर सरकारी संस्थालाई सम्मान गरिने छ । | केही | | |
| ७१. | नगरस्तरमा एन.जि.ओ डेस्क स्थापना गरी गै.स.स.हरुको कार्यक्रमको संयोजन गरिनेछ । | | भएन | |
| ७२. | नगरपालिका भित्र रहेका विभिन्न पार्कहरुलाई नीजि क्षेत्रको संलग्नतामा संचालन एवं व्यवस्थापन गराउन आवश्यक सहजीकरण गरिने छ । | | भएन | |
| ७३. | नगरपालिकाको सेवालाई सहजरुपमा जनताको घर दैलो सम्म पुरयाउन एकीकृत वडा कार्यालयहरु पायक पर्ने स्थानमा राखिनेछ । हालका एकीकृत वडा कार्यालयका अलावा थप स्थानमा समेत संयूक्त वडा कार्यालय स्थापना गरिने छ । | केही | | |
| ७४. | नगरपालिकाको नागरिक वडा पत्र (Citizen Charter) को समयसापेक्ष संशोधन गर्दै वडा पत्रको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ । यसको प्रभावकारी कार्यान्वयन गर्न विभिन्न पिछडिएका वस्तीहरुमा पुगी अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । | भएको | | |
| ७५. | नगरपालिकाको ध्भदकष्तभस ध्धध्।दष्चभलमचबलबनबचकगल।नयख।लउ अद्यावधिक गरी नगरपालिकाको हरेक सूचनालाई ध्भदकष्तभ मा राखीनेछ । | भएको | | |
| ७६. | न.पा. को सेवा प्रवाह गर्न गुनासो सुन्नका लागि हेलो वीरेन्द्रनगर (www.facebook.com/hellobirendranagar), सूचना प्रवाह गर्नका लागि फेसबुक पेज (www.facebook.com/birendranagarmun) र अडियो नोटिस बोर्ड सुन्नका लागि अडियो नोटिस बोर्ड नं. १६१८०८३५२०१२८ बाट सेवा प्रवाहमा प्रभावकारी बनाइनेछ । | भएको | | |
| ७७. | न.पा. को परिमार्जित संगठन संरचनालाई कार्यान्वयन गर्दै संगठन विकास अध्ययनले निर्देशित गरेका सुझावहरुको कार्यान्वयन गर्दै प्रत्येक कर्मचारीहरुलाई कार्य विवरण दिई कार्य सम्पादनका आधारमा कर्मचारी मूल्यांकन गरिनेछ । | भएको | | |
| ७८. | यस नगरपालिकाको साविकका १२ वडाको सूचना संकलित प्रोफाइललाई अद्यावधिक गर्दै २५ वटै वडालाई समेटी नगर प्रोफाइलको निर्माण र प्रकाशन गरिनेछ । | भएको | | |
| ७९. | न.पा.का कर्मचारी एवं पदाधिकारी, उपभोक्ता समिति र | | नभएको | |

| | | | | |
|---|---|---|---|---|
| | टोल विकास संस्थाहरुको पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गरिनेछ । | | | |
| ८०. | न.पा. बाट भए गरेका गतिविधी र आम्दानी खर्चको मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ । | | नभएको | |
| ८१. | वर्षमा कम्तीमा ३ पटक न.पा. का गतिविधिका बारेमा सार्वजकि सुनुवाईको व्यवस्था गरिनेछ । | भएको | | |
| ८२. | कर्मचारीहरुको का.स.मु. लाई कार्य विवरणसंग आवद्ध गरी वस्तुगत, नियमित र प्रभावकारी बनाइनेछ । यसको आधारमा कर्मचारीहरुको आन्तरिक सरुवा, पदस्थापना, तालिम, पुरस्कार, दण्डको व्यवस्था गरिनेछ । | केही | | |
| ८३. | न.पा. कार्यालयको सेवा प्रवाहलाई व्यवस्थित गर्न पाक्षिक रुपमा महाशाखा, शाखा, उपशाखा प्रमुखको समीक्षा बैठक र मासिक रुपमा समग्र कर्मचारीको बैठक गर्ने प्रवन्ध गरिनेछ । | केहीप्रयास | | |
| ८४. | देशभित्रका कुनै एक नगरपालिकासंग भगिनि नगर सम्बन्धका रुपमा सम्बन्ध स्थापना गरी पदाधिकारी र कर्मचारीहरु बीच सिकाइ आदान प्रदानको वातावरण श्रृजना गरिने । | भएको | | |
| ८५. | वृद्ध तथा अपाङ्गको सम्मानका लागि यस्ता व्यक्तिहरुलाई नगरपालिकाबाट हुने सम्पुर्ण सिफारिसहरु निःशुल्क गर्ने नीतिलाई निरन्तरता दिनइने छ । | भएको | | |
| ८६. | महिलाको नाममा रहेको व्यवसायिक फर्मको व्यवसाय करमा १० प्रतिशत छुट दिइने छ । | भएको | | |
| ८७. | न.पा.द्वारा संचालित सामाजिक मेलमिलाप कार्यक्रममा संलग्न मेलमिलापकर्ताहरुको क्षमता विकास गर्दै सामाजिक झै झगडामा मेलमिलापको वातावरण श्रृजना गराउन प्रेरित गरिनेछ । | भएको | | |
| ८८. | वीरेन्द्रनगरलाई “हरित नगर (Green City) का रुपमा विकास गर्दै वातावरणमैत्री नगरका रुपमा विकास गर्न प्रकृया अगाडी बढाइने छ । | भएको | | |
| ८९. | वातावरण मैत्री नमुना उद्यमी गाउं निर्माणका लागि सुर्खेत कृषि विकास कार्यालय, पशु विकास कार्यालय, घरेलु विकास समिति, उद्योग वाणिज्य संघ लगायत अन्य संघ संस्थाहरु संग समन्वय गरिने छ । | भएको | | |
| ९०. | नगरभित्रका ऐलानी प्रति जग्गाहरुको लगत संकलन गर्दै यस्ता ऐलानी प्रति जग्गा र नगरको गुरुयोजनामा उल्लेखित पार्क एवं उद्यानहरुमा जिल्ला वन कार्यालय संग समन्वय गरि वृक्षारोपण एवं वोटानिकल पार्क निर्माणका गुरुयोजना निर्माण गरिनेछ । | | नभएको | |

| | | | | |
|---|---|---|---|---|
| ९१. | न.पा. क्षेत्रको हरियाली वृद्धिमा जोड दिन नाला निर्माण भईसकेका सडक छेउका जग्गाधनीहरुलाई अनिवार्य वृक्षारोपण गर्न टोल विकास संस्थालाई परिचालन गरिनेछ । प्रत्येक घरको निर्माण सम्पन्न प्रमाण पत्र दिंदा अनिवार्य २ वटा बिरुवा रोप्नु पर्ने नियम कार्यान्वयनमा ल्याइने छ । | केही | | |
| ९२. | वीरेन्द्रनगरलाई स्वच्छ सफा र सुन्दर बनाउन सहयोगी संस्थाको सहयोगमा नगरको सरसफाई तथा स्वच्छता योजना (City Sanitation Plan) को प्रभावकारी कार्यान्वयनमा जोड दिइने छ । | भएको | | |
| ९३. | निजी क्षेत्रको संलग्नतामा संचालित सःशुल्क बजार सफाई कार्यक्रमलाई निरन्तरता दिंदै बजार क्षेत्र बाहेकका अन्य शहरी क्षेत्रमा समेत यसै शैलीमा फोहर व्यवस्थापनको प्रकृया अगाडी बढाइनेछ । | भएको | | |
| ९४. | नगरपालिकाको निर्माणाधिन ल्याण्डफिल साइटलाई प्रयोगमा ल्याइ फोहर व्यवस्थापनको स्तरवृद्धिका क्रममा उक्त स्थानमा स्वास्थ्य संस्थाको फोहर र सेफ्टी ट्यांकीको फोहर व्यवस्थापन (Faecal Sludge Management) गर्न आवश्यक प्रविधिको निर्माणकालागि सहयोगी संस्थाहरु संग पहल गरिनेछ । | | नभएको | |
| ९५. | नगरको एइक्ट इम का कार्यक्रमलाई वातावरणमैत्री शासनसंग जोडेर विभिन्न सरकारी एवं गैर सरकारी संघ संस्थाको सहयोगमा अगाडी बढाइने छ । | केही | | |
| ९६. | नगरक्षेत्रका विभिन्न स्थानमा व्यवसायिक रुपमा कृषि कार्य गर्ने क्षेत्रहरुलाई कृषि तथा पशुपालन पकेट क्षेत्र तोक्न जिल्ला कृषि कार्यालयसंग समन्वय गर्ने । | | नभएको | |
| ९७. | नगरभित्रका मुख्य चोक एवं बढी नागरिक भेला हुने विभिन्न स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गर्न विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसंग लागत साझेदारी गर्नका साथै नीजि क्षेत्रलाई समेत सःशुल्क शौचालय सेवा दिने अवसर दिइने छ । साथै व्यस्त स्थानहरुमा शौच सेवा प्रदान गर्न घुम्ती शौचालय सेवालाई व्यवस्थित गरिनेछ । | भएको | | |
| ९८. | वन पैदावार बिक्री केन्द्र स्थापना गर्न सम्बन्धित निकायमा अनुरोध गरिनेछ । | भएको | | |
| ९९. | प्लाष्टिक नियन्त्रणका लागि विभिन्न अभियान संचालन गर्नका साथै प्लाष्टिक मुक्त शहरका रुपमा विकास गर्न आवश्यक कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।साथै पलाष्टिक झोलाको प्रयोगमा प्रतिवन्द्ध लगाउन सरोकारवालहरुसंग समन्वय गरिनेछ र प्लाष्टिक | | नभएको | |

| | | | | |
|---|---|---|---|---|
| | न्यूनिकरणका लागि वैकल्पिक झोला उत्पादकहरुलाई प्रोत्साहन गरिनेछ । | | | |
| १००. | बजार क्षेत्रमा फोहरबाट मल उत्पादनमा जोड दिंदै घरको फोहरलाई घरमै मल बनाइ प्रयोग गराउन कौशी खेति गर्न सहयोगी निकायहरु संग अनुरोध गरिनेछ । | भएको | | |
| १०१. | सडक छेउका सतह ढलहरुमा फोहर एवं निर्माण सामग्री फाल्नेलाई फोहरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम कारवाहीको नीति अवलम्बन गरिनेछ । | भएको | | |
| १०२. | नगर क्षेत्रमा स्वस्थ मासु उत्पादन तथा बिक्री वितरणका लागि तयार गरिएको मासु अनुगमन निर्देशिकालाई अनुमोदन गर्दै सो को आधारमा बजार अनुगमनलाई प्रभावकारी गराइने छ । बंगुर र रांगाको लागि समेत बधशाला निर्माण गर्न पशु सेवा विभागमा र निर्माण स्थल उपलब्ध गराउनका लागि सुर्खेत उपत्यका नगर विकास समितिमा अनुरोध गरिनेछ । | भएको | | |
| १०३. | बजार क्षेत्रको ट्राफिक व्यवस्थापनका लागि हुंदै आएको अस्थायी पार्किङ्गलाई व्यवस्थित गरिनेछ । साथै आवश्यक ठाउंहरुमा जेब्रा क्रसिङ्ग र ट्राफिक चिन्हको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै व्यवस्थित पार्किङ्ग क्षेत्र तोक्न सुर्खेत उपत्यका नगर विकास समिति र सरोकारवालाहरु संग समन्वय गरिनेछ । | केहीकाम भएको छ | | |
| १०४. | निर्माण सामग्रीलाई सडकमा लामो सयमसम्म राख्ने कार्यलाई निरुत्साहित गर्दै निश्चित समयमा निर्माण सामग्री व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ । | केही | | |
| १०५. | सार्वजनिक बाटो, चोक तथा अन्य सरकारी ऐलानी जग्गा अतिक्रमण गरी बनाइएका घर टहरा जिल्ला स्थित विभिन्न राजनैतिक दलहरु तथा अन्य सरोकारहरुसंगको समन्वयमा हटाइने अभियानलाई निरन्तरता दिइनेछ । | | भएन | |
| १०६. | छाडा कुकुर नियन्त्रण एवं रेविज विरुद्ध खोप कार्यक्रम संचालन गरिनेछ । | | भएन | |
| १०७. | वीरेन्द्रनगरमा कृषि तथा पशु हाटबजार निर्माण एवं संचालनमा सम्बन्धित निकायसंग सहकार्य गरिनेछ । | | भएन | |
| १०८. | नगरको सरसफाई एवं वातावरण संरक्षण गर्ने कार्यमा विशेष योगदान पुरयाउने व्यक्ति तथा संस्थालाई सम्मान गरिनेछ । | | भएन | |
| १०९. | नगरको ग्रामिण क्षेत्रमा सतह ढल निर्माण गर्दा सिंचाईका लागि कुलोको रुपमा समेत प्रयोगमा आउने गरि निर्माणमा जोड दिइनेछ । | भएको | | |

| | | | | |
|---|---|---|---|---|
| ११०. | एक वस्तु एक नगरको अवधारणा बमोजिम यस नगरको समेत एक वस्तु पहिचान गरि सो को प्रर्वद्धनका लागि सुर्खेत उद्योग वाणिज्य संघ लगायत सरोकारवाला सरकारी निकायहरु संग समन्वय गरि प्रर्वद्धनको योजना निर्माण गर्न सहयोगी संस्थाको खोजी गरिनेछ । | भएको | | |
| १११. | यस नगरपालिकाको लागि नगरपरिषदबाट स्वीकृत अध्यावधिक विपद व्यवस्थापन योजना (DRMP) (आ.व.२०७२ देखि २०७४) लाई प्रभावकारी कार्यान्वयनमा जोड दिइने छ । | भएको | | |

१ नीति १ कार्यक्रम गरेर सबै विषयगत शाखाहरुलाई नीतिमा समावेश गर्ने परम्परालाई कायम गरेर अगाडि बढनु पर्ने ।

**संस्थागत क्षमता लेखाजोखा**

| क्रम संख्या | विवरण | अवस्था | सुझाव |
|---|---|---|---|
| १ | मानव संसाधन | • संगठन संरचना परिवर्तन आवश्यक छ ।<br>• कानुन तथा अनुगमन कार्यका लागि जनशक्तिको ब्यबस्थापनको अभाव छ । | • .संगठन संरचना, दरबन्दी र कार्य विवरण पुनरावलोकन गर्ने ।<br>• समय,कार्यदक्षता र लागतको आधारमा कार्यविभाजन गर्ने तर्फ जोड गर्ने |
| २ | आर्थिक श्रोत | • आन्तरिक आर्थिक श्रोत अपेक्षाकृत बृद्धि नभएको र त्यसबाट मात्रै प्रशासनिक खर्च गर्नु पर्ने कानुनी जटिलता । | • राजस्व सम्भावना तथा पहिचान गरी तदअनुसार थप आयश्रोत बृद्धि गर्न प्रयास गर्ने ।<br>• थप बाह्य श्रोतको लागि प्रयास गर्ने ।<br>• आर्थिक श्रोतबृद्धिका पूर्वाधारहरु निमार्ण गर्ने |
| ३ | भौतिक | • जग्गा भवन तथा सवारी | |

| | | | |
|---|---|---|---|
| | | साधनको कमि | ● हाता सरसफाइ गर्ने ।<br>● बैकल्पीक जग्गाको खोजि गर्ने । |

## ३. गत बर्षको मूख्य मूख्य उपलव्धिहरु

- सामाजिक परिचालनद्धारा समुह गठन परिचालन ।
- उद्यम विकास गतिविधि संचालनमा सीप र ऋण उपलब्ध ।
- उत्पादन मुलक भौतिक पूर्वाधारको विकास ।
- नियमित रुपमा प्रकाशन तथा वितरण र तालिम संचालन ।
- ग्रैह सरकारी संस्था नियमित अनुगमन र पृष्ठपोषण ।
- स्थानीय विकास कोषको दिगो व्यवस्थापन ।
- वडाहरुको क्षमता अभिवृद्धि र संस्थागत विकास ।
- स्थानीय स्तरमा यातायातको उपलब्धता र गुणस्तरमा वृद्धि ।
- ग्रमाणि क्षेत्रमा सडक संजाल विस्तार ।
- गरिब दलित तथा जेहन्दार बालबालिका हरुलाई लक्षित गरी शिक्षा क्षेत्रमा सहयोग ।
- एल.जि.सि.डी. कार्यक्रम अन्तर्गत भौतिक निर्माण तथा सामाजिक परिचालन कार्यक्रम ।
- टोलविकास सस्थाहरु गठन गरेर परिचालित ।
- फोहोर मैला ब्यबस्थापनमा निजि क्षेत्रको संलग्नता ।

## ४. यस वर्षको मुख्य मुख्य उपलब्धीहरु

वीरेन्द्रनगर नगरपालिका लागि चालू आ.व.०७३।७४ का लागि सामाािजक सूरक्षा वाहेक संशोधित प्रस्तावित आय अर्न्तगत आन्तरिक आय तर्फ ५,३५,५४,०००।०० र वाहय श्रोत तर्फ १४,४८,७७,९६०। गरि कूल १९,८४,३१,९६० प्रस्ताव गरिएकोमा २०७४ अषाढ १५ गते सम्म आन्तरिक आय तर्फ ५,०४,७४,०००। र वाह्य श्रोत तर्फ ११,०१,८९,०००।०० गरी कूल १६,०६,६३,०००।०० आम्दानी भएको देखिन्छ । यसै गरी व्यय तर्फ चालू तर्फ विनियोजित रकम रु. ६,०२,०७,९६०।०० र पूजीगत तर्फ विनियोजित रकम रु १३,८२,२४,०००।०० गरी कूल १९,८४,३१,९६०।०० विनियोजन भएको मा चालू तर्फ ५,४८,४५,०००।०० त्यस्तै पूजीगत तर्फ ११,३६,९८,०००। गरि कूल १६,८५,४३,०००।०० खर्च भएको देखिन्छ ।

यो समयावधिमा साविकको वीरेन्द्रनगरमा मात्र १३,०२२ वर्ग मि. सडक मर्मत गरिएको , बसपार्कको काम ७५ प्रतिशत काम सम्पन्न, कालो पत्रे २.५ कि.मी, ५ कि.मी नाला निर्माण, नयां टयाक खोल्ने कार्य २ कि.मी, सडक ग्राभेल ५ किमी, सौर्य सडक वत्ति २० वटा, ल्याण्डफिल साइट पहुंच सडकको स्तर उन्नती गर्दे ल्याण्डफिल साइटमै फोहर पुरयाउनुका साथै १/१ वटा दमकल र फोहर ढुवानी साधन टिपर खरिद गरि संचालनमा ल्याएको, कार्यालय हाता भित्र थप कार्यालय भवन निर्माण गरिएको , ५ वटा सामुदायिक भवन, ग्रामिण क्षेत्रमा १.५ कि.मी खानेपानी पाइप लाईन विस्तार भएको छ भने नगरकार्यपालिकामा घर नक्सापासकालागि पेश भएका ६४० घर नक्सा मध्य नक्शापास

४८६, निर्माण सम्पन्न ३१० जस्ता भौतिक प्रगती भएको छ । त्यस्तै विस्तारित क्षेत्रको अव्यवस्थीत वसोवासलाई व्यवस्थीत गर्न २ कट्ठा भन्दा कम जग्गा विक्री गर्दा र घर वनाउदा अनिवार्य ६ मीटरको वाटो र लगत कट्टाको प्राव्धान राखिएको पाइन्छ ।

सामाजिक विकास तर्फ समेत महिला, बाल बालिका र अन्य लक्षित तर्फ विनियोजित सम्पूर्ण कार्यक्रमहरु सम्पन्न गरि लक्षित वर्गको शसक्तीकरण, शिप विकास, आय आर्जन तथा लक्षित वर्ग पूर्वाधार विकासका कार्यहरु भएका छन् जसवाट २५ भन्दा वढी उद्यम स्थापना, नगर भित्रका स्वास्थ्य संस्थामा वर्थिडं.सेन्टर र सुत्केरी वार्डहरुको सुधार र बाल बालिकाको खोप केन्द्र सुधार, विद्यालयको भौतिक सुधार, विपन्न वर्गका बाल बालिकाका लागि बाल शुलभ केन्द्र लगाएत वृद्ध, अपांग, एकल महिला, आदीवासी जनजाती, मुस्लीम वर्ग प्रत्यक्ष लावान्वित रहने गरि विभिन्न कार्यक्रमहरु संचालित छन् । समुदाय परिचालन तर्फ टोलविकास संस्था, आमा समूह, नागरिक सचेतना केन्द्र विभिन्न क्रियाकलापमा परिचालन भएका छन् ।

नगर कार्यपालिकाका राजस्व र लेखा शाखावाट कम्प्यूटरकृत सेवा प्रदान, ३ पटक सार्वजनिक सुनुवाई, सवै आयोजनाको सार्वजनिक परिक्षण, अनलाईन घटना दर्ता, सामाजिक सूरक्षाको अनलाईन प्रविष्टी, बैकवाट भत्ता वितरण, अडियो नोटिस वोर्ड सेवा संचालन जस्ता कार्य शुशासन प्रर्वद्धनका क्षेत्रमा भएका छन् ।

**५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा**

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलव्धि |
|---|---|---|---|
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल बा यातायतको सुविधा भएको घरधुरी | नगरको सबै वडाहरुबाट १.५ घण्टा भित्रमा स्वास्थ्य चौकिहरुमा पुग्न सकिन्छ | नियमित | नगरको सबै वडाहरुबाट १.५ घण्टा भित्रमा स्वास्थ्य चौकिहरुमा पुग्न सकिन्छ |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | ९.६. प्रतिसत | नियमित कार्यक्रम | ९.६ प्रतिसत |
| खोपमा पहुच भएको जनसंस्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | | नियमित कार्यक्रम | नगरका सबै |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | ४८.७ प्रतिसत | नियमित कार्यक्रम | ४७.७७ प्रतिसत |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिला संख्या | २५७९ | प्रसुती केन्द्रमा बृद्धि | २५७९ |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| दादुराको खोप | १४० | | १४० |
| डि.पि.टि. | ४७४ | नियमित कार्यक्रम | ४७४ |
| वि.सि.जि. | ३३० | नियमित कार्यक्रम | ३३० |
| मलेरिया | | नियमित कार्यक्रम | |
| मातृमृत्दर | २०१ प्रतिलाख | | १८४ प्रतिलाख |
| पाँचवर्ष मुनिका बालमृतुदर | २३ प्रति हजार | नियमित कार्यक्रम | २६ प्रति हजार |
| बालमृतुदर | प्रतिहजार | नियमित कार्यक्रम | प्रति हजार |
| कूलप्रजनन् दर ( १८देखि ४५) | | नियमित कार्यक्रम | |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या नर्सिङहोमबाट भामीझाकी बाट | ७० ५<br>२३ ५<br>७ ५ | नियमित कार्यक्रम | |
| **शिक्षा** | | | |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्ना दर | | भर्ना अभियान | |
| प्राथमिक विद्यालयमा पहुाच नभएका सो उमेर समुहका बालबालिका संख्या प्रतिशत | | नियमित कार्यक्रम | ३.५ ५ |
| प्राथमिक तहमा कक्षा दोहोराउने विद्यार्थी | | नियमित कार्यक्रम | १० ५ |
| निम्न माध्यामिक तहमा कक्षा दोहोराउने विद्यार्थी | ९ ५ | | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | | | |
| बाहृय सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | |
| **खानेपानी तथा सरसफाई** | | | |
| पानी पुगेको परिवार संख्या वा धारा | ६९९८ | | ६९९८ |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | | | |
| सौचालय भएको संख्या वा प्रतिशत | ३९.९ ५ | | २८.४६ ५ |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | | | सबै विद्यालयमा खाने पानीको व्यबस्था छ |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| एच.आई.भि र एड्स | | | |
| **सेवाहरूमा पहुाच** | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय | १.५ घण्टा | | १.५ घण्टा भित्रमा सबै वडाहरुबाट स्थानिय बजारमा पुग्न सकिन्छ |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | १.५ घण्टा | | १.५ घण्टा भित्रमा सबै वडाहरुबाट स्थानिय बजारमा पुग्न सकिन्छ |

| **सामाजिक जिम्मेवारी क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| लक्षित वर्ग, सामजिक सामावेशिकरण र सामजिक परिचालन<br>• आय आर्जज तथा स्वरोजगार मुलक कार्यक्रम<br>• सिप तथा क्षमता विकास तालिम<br>• गरीवी निवारण सम्बन्धि कार्यक्रम | • समुह गठन भई केहिजना जना लभान्वित ।<br>• केहि जनाले क्षमता विकास तथा सीप विकास सम्बन्धि तालिम प्राप्त गरेको<br>• केहि जना आय आर्जन तथा वचत कार्यक्रमबाट लाभान्वित भएका |
| नागरिक सचेतना केन्द्र | • केहि  केन्द्रका केहि जना व्यक्तिहरु आफ्ना हक अधिकार तथा स्थानीय स्रोत र योजना प्रकृयाबारे शिक्षित भएका । |
| सामाजिक सुरक्षा कार्यक्रम | • जेष्ठ नागरीक, दलित, सामान्य, एकल महिला, ६० वर्ष मुनिका एकल महिला र पूर्ण अपांग गरी सबै जन लाभान्वित । |

**६. सामाजिक परिक्षणबाट देखिएका सवल पक्षहरु**

१. सामाजिक परिचालनद्धारा समुह गठन, परिचालन र कार्यन्वयन भएको छ।

२.गैससको नियमित अनुगमन र पृष्ठपोषण गरिएको छ।

३.ग्रामिण क्षेत्रमा सडक विस्तार तथा मर्मत कार्य भएको छ।

४.ग्रामिण भेगमा विद्युतिकरण विस्तार हुदै गएको छ।

५.संस्थागत क्षमता तथा सेवा प्रवाहमा सुधार आएको छ।

६.महिला तथा पिछडावर्गको योजना कार्यन्वयनमा सहभागिता बढेको छ। अधुरा योजनाहरुलाई पूरागर्ने निति लिएको छ।

७.अनुगमन कार्यलाई भरपर्दो र प्रभावकारी वनाउने प्रयास गरिएको

८. सामाजिक सुरक्षा व्यबस्थामा सकरात्मक परिवर्तनको रुप देखा परेको छ।

९.संघिय संरचना अनसार नगरका विषयगत शाखाहरु स्थापना भएको अबस्था छ।

१०.विषयगत शाखाहरुबाट प्रभाबकारी रुपमा नगरबासीले सेवा पाउन थालेको अबस्था छ।

११. नगरका सबै वडाहरुमा नगरको नक्सा उपलब्ध गराउने काम पनि भएको छ।

१२.सस्थागत मूल्यांकन र नया स्थापित शाखाहरुलाई सहयोग बढाउने कार्यको थालनी भएको छ।

**७.आ.व.२०७३/०७४ मा निम्नानुसारका थप कार्यहरु गरेको देखिन्छ।**

क) ढल निकास गुरुयोजना निर्माणका लागि न.वि.कोष संग अनुरोध गरिएको।

ख) आन्तरिक आय बढाउन विभिन्न निकायसंग सहकार्य र कर संकलन अभियान संचालन

ग) सडकको लगत कट्टाका लागि निर्णय भई सम्बन्धित निकायमा अनुरोध भएको।

घ) केही कर्मचारीहरुलाई विभिन्न किसिमको तालिम तथा अवलोकन भ्रमण दिलाइएको ।

ङ.) न.पा.लाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्न विभिन्न संघ संस्थाहरु संग सहकार्य गरिएको।

**८.सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु**

**क) स्थानीय तह**

१.नगरपालिकाको नीति अनुसार कार्यक्रम तथा आयोजना भए नभएको विषमा नगरसभा पूर्व व्यापक छलफल गर्ने र नीति तथा कार्यक्रम स्पष्ट हुनु पर्ने

२.भौतिक पूर्वाधार भन्दा रोजगार मूलक र गरिबी निवारण लक्षित योजनाहरु समावेश हुनु पर्ने।

३.नगरको वार्षिक योजना तथा नितिहरु तयार गर्दा संघिय संविधान प्रदेश कानुन र आवाधिक तथा विषयगत योजनाले निर्देशित गरेका उद्देश्यहरुलाई ध्यान पुऱ्यउनु पर्ने ।

४.नगरपालिका समग्र नगरबासीको पहिचान भएकाले यसले दिर्घकालीन सामाजिक सदभाब बढाउने कार्यक्रमको थालनी गर्नुपर्ने ।

५.नगरपालिकाको आन्तरिक स्रोत बढाउन स्थानिय स्तरमा संचालन गरेका कार्यक्रमलाई ठेक्का प्रथामा संचालन गर्नुपर्ने ।

६.अल्पकालिन योजनालाई भन्दा दीर्घकालीन र आय एवम् रोजगारमूलक ठोस आयोजनाहरूलाई प्राथमिकता दिने ।

७.राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स. समन्वय र सहकार्य गरी थप श्रोत परिचालनको पहल गर्ने ।

८.कार्यक्रममा दोहोरोपन हटाउन नियमित अनुगमन गर्ने ।

९.कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कनको आधारमा उत्कृष्ट र दीर्घसेवी कर्मचारीलाई पुरस्कृत र सम्मान गर्ने परम्परा कायम राख्ने ।

१. सामाजिक परीक्षकको नाम : डा.मनहरि ढकाल

दस्तखत :

२. सामाजिक परीक्षकको नाम : हरिष भट्ट

दस्तखत :

३. सक्रिय परामर्श सेवा प्रा.लि., सुर्खेत

**विषयगत कार्यालयको नाम** महिला विकास कार्यालय, सुर्खेत

जिल्लाबाट लक्षित वर्गलाई किटान गरी उपलब्ध गराइने बजेटलाई प्रभावकारी रूपमा परिचालन गर्न सम्बन्धित निकायहरू महिला तथा बालबालिका कार्यालय, जिल्ला बाल कल्याण समिति, लक्षित वर्गहरूको समूह निर्माण गरी पारदर्शी रूपमा कार्यान्वयन हुने व्यवस्था मिलाइने छ । लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनको लागि उनीहरूले नै समूहमार्फत पहिचान गरेका कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ । लक्षित वर्गसँग काम गर्ने गैससहरूलाई क्षेत्रगत सहयोग र सहकार्यका लागि परिचालन तथा प्रोत्साहन गर्ने र यी वर्गहरूको सीप तथा क्षमता विकासका लागि जिल्लाबाट आवश्यक सहयोग गर्ने नीति लिइने छ । स्थानीय शासन प्रक्रियामा बालबालिकाहरूको अधिकारसम्बन्धी सवाललाई समावेशी सिद्धान्तको आधारमा मूलप्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको सास्थागत विकास गर्न गराउनको लागि जिल्लापालीकाले स्थानीय बालमैत्री शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ लाई आधारमानी कार्यान्वयनमा ल्याइनेछ ।

**१. महिला विकास कार्यक्रमको परिकल्पना (vision)** समतामा आधारित समुन्नत परिवार ।

**२.ध्येय** (Mission) : पिछडिएका र विपन्न महिलाहरुलाई चेतना जागरण, क्षमताविकास र सामाजिक परिचालनको माध्यमबाट आर्थिक ,सामाजिक एवं राजनैतिक मुल प्रवाहिकरण गरी समतामुलक रुपले परिवारिक जीवनस्तर अभिवृद्धि गर्ने तथा महिला वर्गको हक हितको संरक्षण एवं प्रवर्द्धधन गर्ने र त्यसका लागी सहकार्यको अवधारणालाई समेत प्राथमिकता दिने ।

**३.उद्देश्य** (Goal)

(१) आर्थिक सामाजिक, सास्कृतिक र राजनैतिक रुपमा पिछडिएका र अवसरबाट बन्चित रहेका विपन्न महिलाहरुले विकासका लागि चरणबद्ध रुपमा चेतनाजागरण, क्षमता विकासका एवं सामाजिक परिचालन गर्दै स्थानिय स्तरमा महिलाहरु सक्षम र आत्मनिर्भर सामुदायीक संस्थाको अवधारणालाई समेत प्रथमिकता दीने ।

(२) महिला सशत्तिकरण गरी लैङ्गिक मुल प्रवाहिकरण गर्ने गराउने ।

(३) सामाजिक कुरिति चेलीवेटी बेचविखन देहब्यापार घरेलु हिंसा लगाएतका महिला विरुद्धमा अपराध नियन्त्रणको लागि पुरुष वर्गको समेत सहभागितामा सामाजिक जागरण बढाउने ।

(४) श्रोत साधन र रोजगारीको अवसरमा महिला वर्गको पहुँच लगायतका महिला विरुद्धका अपराध नियन्त्रणको लागि पुरुष वर्गको समेत सहभागितामा सामाजिक जागरण वढाउने ।

(५) लैङ्गिक मुल प्रवाहिकरणका क्षेत्रमा विशेषज्ञ सेवा समेत दिनसक्नेगरी Center of Excellence को रुपमा संस्थागत क्षमताको विकास गर्ने र महिला वर्गाको उन्नती तथा लैङ्गिक अनुकुल शासन प्रणाली Gender Responsive Governancey का लागी सम्वन्धित संयन्त्रको क्षमता अभिवृद्धिमा समेत योगदान गर्ने लगाएतका उद्धेश्यहरु राखेर स्थापना भएको महिला विकास कार्यक्रमका विभिन्न कार्यगत रणनीतिहरु रहन गएका छन् ।

**४.विगत एक बर्षमा महिला विकास सुर्खेतद्धारा प्रदान गरिएका मुख्य सेवाहरु**

- समुहगठन परिचालन
- बचत परिचालन तथा चालु कोष प्रवाह
- चेतनामुलक तालिम
- सिपमुलक तालिम
- सस्था प्रर्वदन तथा परिचालन
- लैङ्कि हिंसा सम्बन्धि परामर्श तथा सिफारिष
- अपाङ्गता परिचय पत्र वितरण
- मानव बेचविखान तथा ओसारपसार नियन्त्रण कार्यक्रम
- जोखिम तथा द्धन्द्धपिडित अबस्थामा रहेका बालबालिका कार्यक्रम
- विभिन्न खालका कार्यक्रमहरु

**५.कार्यक्रमका उपलब्धि तथा सवल पक्षहरु**

- सिकेका ज्ञानलाई व्यबहारमा उतार्ने काम गरेको
- सस्थाको शेयरसदस्यमा वृद्धिभएर संगठनात्मक क्षमता वृद्धि भएको
- स्थानिय स्रोत साधन र सिपको परिचालन हुन थालेको
- महिला बालबालिकाको बारेमा चर्चा परिचर्चा बढेर गएको जस्ता उपलब्धिहरु हाँशील भएका छन् ।

**(६) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरु**

- बजेट निकासामा ढिला सुस्ती तथा निकासा प्रकृया झन्झटिलो ।
- निम्न शैक्षिक स्थितिले गर्दा समुदाय परिचलनमा कठिनता ।
- सरकारी तथा गैह्र सरकारी निकायको निकट समन्वय र सम्बन्ध ।
- जुन कार्यक्रम सञ्चालन गर्दा पनि भत्ताको माग ।

**(७) भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु**

- नगरका विभिन्न सरकारी एवं गैह्र सरकारी संस्था वीच थप समन्वय गरेर कार्यक्रम संचालन गर्नु पर्ने ।
- कार्यक्रम दोहोरोपन हटाउन र नगरको सामानुपातिक सामाजिक विकासमा भुमिका खेल्नु पर्ने ।
- नगर स्थित संस्थाहरुले विभिन्न विषयमा नगर स्तरमा वहस एवं छलफल गर्नुपर्ने ।

- सुधारात्मक र सकरात्मक गतिविधिमा जोड गरेर अगाडि बढनु पर्ने ।
- लाञ्छना र भेदभाव न्यूनिकरण सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्ने जसले गर्दा समाजमा पुनस्थापित हुन सजिलो हुन सकोस ।

१. सामाजिक परीक्षकको नाम : डा.मनहरि ढकाल

दस्तखत :

२. सामाजिक परीक्षकको नाम : हरिष भट्ट

दस्तखत :

३. सक्रिय परामर्श सेवा प्रा.लि. सुर्खेत

**१. गैर सरकारी संस्था को नाम र कार्यक्षेत्र** आवाज संस्था

वीरेन्द्रनगर नगरपालिका ८ आवास क्षेत्र, सुर्खेतमा कार्यरत सस्था २०५६ साल माघ महिनामा जिल्ला समाज कल्याण परिसदमा आबद्ध भएको छ । सस्थाको कार्यक्षेत्र सुर्खेत, दैलेख र बर्दियामा कार्य संचालन गरेको छ भने अन्य २५ जिल्लामा श्रोतक्वलवको सन्जाल रहेको छ ।

**२. लक्ष्य**

यौनशोषण, दुर्व्यवहार, चेलिबेटि बेचविखान, घरेलु हिंसा र अन्य हिंसा निर्मुल गर्न समुदायमा चेतना फैलाई प्रभावित महिला तथा वालवालिकालाई समाजमा आत्मसम्मानका साथ जीवन यापन गर्न सक्ने बनाउने र उनिहरुको आत्मबल तथा आत्मविश्वास बढाई समुदायको सोचाईमा सकरात्मक परिवर्तन ल्याउने ।

**३. मूख्य उद्देश्यः**

- महिला तथा बालबालिका माथि यौन तथा घरेलुहिंसा बेचविखान सम्बन्धि जनचेतना फैलाउने । खास गरेर त्यस्ता घटनाहरु किन कसरि हुन्छन् , यसबाट कसरि बच्ने , यसको असर परिवार, समाज र राष्टलाई कति छ हिंसालाई त्यस समुदायले कति बुझेको छ भन्ने जस्ता कुराहरुमा सहभागितामुलक विश्लेषण गर्ने ।
- महिला तथा बालबालिका माथि यौन तथा घरेलुहिंसाका जिल्लास्तरिय सन्जाल निर्माण गर्ने र राष्टिय स्तरको सन्जालसंग समन्वय तथा सम्पर्क विस्तार गर्ने ।
- बालबालिका तथा महिला अधिकार संरक्षणको लागि वकालत गर्ने उनिहरु विरुद्ध गरिने दुर्व्यवहार र भेलभाबको परिणामबारे समाजलाई सचेत गराउने र आफ्नो सुरक्षाका उपायहरु अपनाउन सक्षम बनाउने ।
- समस्याबाट प्रभावित व्यक्तिहरुको मौनता तोडन मद्धत गर्ने नैतिक समर्थन दिने, आत्मबल बढाउने र समाजमा सम्मानपूर्वक आत्मसम्मानकासाथ साथ खुशिसंग जीवनयापन गर्न सक्षम बनाउने ।

**४. संचालित योजना तथा कार्यकमहरुको विवरण**

- जिल्लास्तरका विभिन्न गैरसरकारी संस्था, सरकारी निकायका व्यक्तिहरुसंग यौन शोषण, दुर्व्यवहार, घरेलुहिंसा र चेलिबेटि बेचबिखानको मुद्धामाथि समन्वयात्मकरुपमा सहकार्य कार्यक्रम ।
- महिला, पुरुष, युवा र बालबालिकाकोबीचमा अन्तरसम्बन्ध विस्तार गर्ने ।
- यौन तथा घरेलुहिंसा विरुद्ध जनचेतनामुलक कार्यक्रम संचालन ।
- पुरुष पनि हिंसाविरुद्ध समान सहभागिता र योगदान गर्न सक्छन् भन्ने मान्यता अनुरुप सेतो रिवन अभियान ।
- शिक्षामा बालबालिकाको पहुचवृद्धि गर्न छात्रावृतिकार्यक्रम ।
- निशुल्क घटना अध्यान, अनुसन्धान, मनोविमर्श सेवा, कानुनि परामर्श सेवा, निवेदन तथा मुद्धालेखन र कानुनि साक्षरता सेवा ।
- बहस, पैरवि, वकालत र सन्जाल निर्माण ।
- आर्थिक सहयोग कार्यक्रम (हिंसाप्रभावित महिला तथा बालबालिकाको लागि) ।
- सामुदायिक मध्यस्थता ।
- किशोरी रोजगारकार्यक्रम ।
- बालसुलभ मध्यस्थता ।
- आपतकालिन सहयोग ।
- प्रकासन अध्यान अनुसन्धान ।
- प्रजनन् स्वास्थ्य, यौन स्वास्थ्य, यौनिकता, एच.आई.भि./एड्स जस्ता कुराहरुप्रति सचेत गराई यसबाट उत्पन्न विकृति रोक्न किशोर किशोरीलाई तालिम, गोष्ठि, अन्तरक्रिया र जनचेतना ।

**५. सरोकारपक्षको चाहाना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरु**

- आर्थिक सहयोग (हिंसाप्रभावित महिला तथा बालबालिकाको लागि) ।
- निशुल्क घटना अध्यान, अनुसन्धान, मनोविमर्श सेवा, कानुनि परामर्श सेवा, निवेदन तथा मुद्धालेखन र कानुनि साक्षरता सेवा प्रदान गरिएको ।
- शिक्षामा बालबालिकाको पहुचवृद्धि गर्न छात्रावृतिकार्यक्रम सहयोग ।
- बाल अधिकार र महिला अधिकारको लागि कार्यक्रम र गोष्ठि सम्पन्न ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता**

| सामाजिक जिम्मेवारी क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| महिला अधिकार र बाल अधिकारको संरक्षण | • महिला अधिकारबारेका तालिम तथा क्षमता विकासका कामहरु<br>• बाल समूह गठन परिचालन तथा सुसासन विकास<br>• बाल संरक्षण समिति गठन र परिचालन तथा त्यसको कार्यक्षमतामा सुधार<br>• स्थानिय बाल संरक्षण संयन्त्र स्थापना र क्रियाशिलता विकास |
| गुणस्तरिय शिक्षाका लागि छात्रावृति कार्यक्रम | • समुदायमा आधारित शैक्षिक सूचना व्यवस्थापन प्रणाली कार्यान्वयन<br>• विद्यालय सुधार योजना निर्माण क्षमता सुधार<br>• सामाजिक परिक्षण प्रकृया र पद्धती<br>• विद्यालय व्यवस्थापन सम्बन्धि तालिम<br>• निशुल्क तथा अनिवार्य शिक्षा सुनिश्चित प्रकृया र पद्धती<br>• पढाई विकास कार्यक्रम |
| गरिबी निवारण र स्थानीय शासन | • सामाजिक परिचालन मार्फत क्षमता विकास<br>• समुदायका महिललाई समुहमा आवद्ध<br>• आयआर्जनका लागि सीप विकास तालिम |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरु

- बजेट निकासामा ढिला सुस्ती तथा निकासा प्रकृया झन्झटिलो
- निम्न शैक्षिक स्थितिले गर्दा समुदाय परिचलनमा कठिनता
- सरकारी तथा गैह्र सरकारी निकायको निकट समन्वय र सम्बन्ध
- जुन कार्यक्रम सञ्चालन गर्दा पनि भत्ताको माग
- सहयोगको अभाबमा कार्यक्रम संचालन गर्न कठिनाई

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु

- नगरका विभिन्न सरकारी एवं गैह्र सरकारी संस्था वीच उचित समन्वय हुनुपर्ने ।

- कार्यक्रम दोहोरोपन हटाउन र जिल्लाको सामानुपातिक सामाजिक विकासमा भुमिका खेल्नु पर्ने

१. सामाजिक परीक्षकको नाम : डा.मनहरि ढकाल

दस्तखत

२. सामाजिक परीक्षकको नाम : हरिष भट्ट

दस्तखत :

३. सक्रिय परामर्श सेवा प्रा.लि. सुर्खेत

**गैससको नाम ENPHO (सुरक्षित खानेपानी र सरसफाई सुधार कार्यक्रम)**

**परिचय** सुरक्षित खानेपानी र उचित सरसफाई सहज रुपमा मध्य पश्चिमका बिभिन्न क्षेत्रमा बसोबास गर्ने नागरीकहरुमा पहुँच पुग्न नसक्नु नै मध्य पश्चिमान्चल विकास क्षेत्रको प्रमुख चुनौती हो । हालसम्म प्राप्त तथ्याङ्कलाई हेर्ने हो भने नेपालका करिब ८० प्रतिसत जनाहरुमा मात्र आधारभुत स्तरको खानेपानी सुविधा र ४३ प्रतिसत जनामा शौचालयको पहुँच पुगेको छ । उचित सरसफाई र सुरक्षित खानेपानीको अभावका कारण बार्षीक करिव १०,४०० बालबालीकाले अकालमैज्यान गुमाउने गरेको र यसले गर्दा देशले ठुलो आर्थिक भार समेत ब्यहोर्नु परेको छ ।

पश्चिमान्चल क्षेत्रलाईनै सन २०१४ खुल्ला दीसामुक्त क्षेत्र बनाने कार्य योजनालाई टेवा पु¬याउनुका साथै खानेपानी, स्वास्थ्य सरसफाइका सवालहरुलाई एकिकृत रुपमा सम्बोधन गरी ग्क्बिम भ्द्धब्न रक्ब्ल्म्भ्क्र को आर्थिक सहयोग तथा क्षेत्रीय अनुगमनतथा सुपरिवेक्षण कार्यालयको सहकार्यमा वातावरण र जनस्वास्थ्य संस्था (एन्फो) ले सुर्खेत जील्लाका पाँच गा.वि.स.(रामघाट, काप्रीचौर ,कल्यान ,सहारे र मेहेलकुना) का साथै वीरेन्द्रनगर नगरपालीका स्तरीय वडा नं. १,२ र ११ मा मध्य पश्चिमाञ्चल स्तरीय विद्यालय अगुवाई सुरक्षीत खाने पानी र सरसफाई सुधार कार्यक्रम सु स्वास्थ्य संचालन गरेको छ । यो परियोजनाको अवधि ३ वर्ष (जनवरि २०११ देखि
डिसेम्वर २०१३ सम्म ) को हुने छ ।

**१.लक्ष्य** सुरक्षित खानेपानी र सरसफाई कार्यक्रम ।

**२.उद्देश्य**

१.सुरक्षित खानेपानी , सरसफाइ सम्बन्धि एकिकृत अवधारणको विकास तथा प्रवर्द्धन गर्नु

२. सुरक्षित खानेपानी र सरसफाइका स्वास्थ्य सम्बन्धि ब्यवहार परिवर्तन गर्न स्थानीय सरोकारवालाहरु त्था अगुवाहरुको क्षमता अभिवृद्धि गर्ने ।

३ .स्थानिय समुदायको स्वास्थ र सरसफाइमा सुधार ल्याउन विद्यालयको अगुवाइमा पुर्ण सरसफाइ कार्यक्रम मार्फत विद्यालय सुवा क्षेत्रमा पानी शुद्धिकरणका घरेलु उपायहरुको प्रवर्द्धन गर्ने

४.पोषण र खाद्य सुरक्षा अभिवृद्धि गर्न पर्यावणीय सरसफाइ
प्रवर्द्धन गर्ने

५.खानेपानी शुद्धिकरण प्रविधिहरुको बजार ब्यावस्थापन शुद्धिकरण

६.पानी सुरक्षित योजनाको नमुना प्रर्दशन

७.खानेपानी तथा सरसफाइको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी , गैरसरकारी र पनजी क्षेत्रहरुसँग समन्वय गर्ने

मध्यपश्चिम विकास क्षेत्रमा पर्ने सुर्खेत जिल्लाका पिछडिएका वर्गहरुमा सुरक्षीत खाने पानी प्रपिधीहरुको प्रर्वद्धन र सरसफाइका आधारभुत सुविधाहरुमा दिगो रुपमा पहँच पुऱ्याई खाने पानी र सरसफाईका सवाललाई एकिकृत रुपमा सम्बोधन गर्नुका साथै स्वास्थ्यमा सुधार ल्याइ जीवनस्तर उकास्नु नै यस परियोजनाको उद्देश्य रहेको छ ।

**अपेक्षित उपलब्धीहरु**

- परियोजना क्षेत्र भित्रका ४५,००० जनताहरु सुरक्षित खानेपानी ,स्वासथ्य र सरसफाइबाट लाभान्वित हुनेछन् ।
- ४४ वटा विद्यालयमा खानेपानी र सरसफाइका अवस्थामा सुधार हुनेछ जहाँ आवस्यक अनुसार बाल मैत्री तथा लैङ्गिक मैत्री सौचालयको निर्माण हुनेछ ।
- कम्तीमा १० वटा समुदायले आफ्नो समुदायलाई स्वास्थ्य समुदायको रुपमा घोषणा गर्ने छन् ।
- मलचर्पी (eco-san) को पवर्द्धनमार्फत मानविय मलमुत्रलाई मलको रुपमा प्रयोग गरी खाद्य सुरक्षामा टेवा पुग्नेछ ।
- सुर्खेत जिल्लालाई खुला दिशा मुक्त जिल्ला बनाउने कार्ययोजना कार्यन्वयनमा टेवा पुग्नेछ ।

**सुरक्षित खानेपानी , सरसफाइ सम्बन्धि एकिकृत अवधारणको विकास तथा प्रवर्द्धन गर्नु**

- सुरक्षित खानेपानी र सरसफाइका आधारभुत तथ्याङ्क संकलन तथा लैङ्गिक समानताका विश्लेषण गर्ने ।
- विद्यलयहरुमा खानेपानी सुद्धिकरणका प्रभावकारी प्रविधिहरुको पहिचान गर्ने ।
- सहभागीतामुलक खानेपानी , सरसफाइ र स्वास्थ समाजको योजना बनाउने ।
- गा.वि.स.स्तरीय खानेपानी र सरसफाइ समन्वय समितिको गठन गर्ने ।

**सुरक्षित खानेपानी र सरसफाइका स्वास्थ्य सम्बन्धि ब्यवहार परिवर्तन गर्न स्थानीय सरोकारवालाहरु तथा अगुवाहरुको क्षमता अभिवृद्धि गर्ने ।**

- ब्यबहार परिवर्तन र प्रभावकारी कार्य प्रणालीको संचारविकास गर्ने ।
- समुदायका अगुवा क्यक्ति तथा फिल्ड स्टाफका लागी ब्यबहार परिवर्ततन र संचार सम्बन्धि तालीम ।
- उपयुक्त तालीम तथा संचार सामाग्रीहरुको विकास गरी प्रकाशन उत्पादन तथा प्रचार गर्ने ।
- विद्यालयहरुको अगुवाइमा पुर्ण सरसफाइ, खानेपानी र स्वास्थ्य सम्बन्धि विद्यालय ब्याबस्थापन तालीम ।
- स्तानिय सरोकारवालाहरुका लागि खानेपानी तथा सरसफइ सम्बन्धि तालिम प्रदान गर्ने ।

**स्थानिय समुदायको स्वास्थ र सरसफाइमा सुधार ल्याउन विद्यालयको अगुवाइमा पुर्ण सरसफाइ कार्यक्रम मार्फत विद्यालय सुवा क्षेत्रमा पानी शुद्धिकरणका घरेलु उपायहरुको प्रवर्द्धन गर्ने**

- विद्यालयको सेवा क्षेत्रमा घरेलु स्तरमापानी शुद्धिकरण प्रबिधि र विद्यालयको अगुवाइमा पुर्ण सरसफइ अभियान सम्वन्धि कार्ययोजना निर्माण गरी कार्यन्वयन गर्ने ।
- विद्यलयहरुमा खानेपानी सरसफाइ र स्वास्थ्य सम्वन्धि अभ्यास र सुविधाहरु (बालमैत्री र लैङ्गिक मैत्री) बनाउन प्रचार गर्ने र नमुनाका रुपमा तयार गर्ने ।
- खानेपानी शुद्धिकरणका घरेलु प्रविधि , सरसफाइ र स्वास्थ्य सम्वनिध जनचेतना अभिबृद्धि।
- बिद्यालय सेवा क्षेत्रलाई स्वास्थ क्षेत्र घोषणा गर्न सहयोग गर्ने ।

**पोषण र खाद्य सुरक्षा अभिवृद्धि गर्न पर्यावणीय सरसफाइ प्रवर्द्धन गर्ने**

- स्थानिय अगुवा तथा किसानहरुका लागि मलचर्पी सम्वन्धि तालिम प्रदान गरी निर्माण गर्न लगाउने ।
- मलको रुपमापिसाबको प्रयोगको लागि प्रदर्शन स्थलको स्थापना गर्ने
- बायोग्यासजडित सौचालय  तथा पिसाब छुट्याउने शोचालय निर्माणको लागी सहयोग पुर्‍याउने   ।

**खानेपानी शुद्धिकरण प्रविधिहरुको बजार ब्यावस्थापन शुद्धिकरण**

- घरेलु स्तरमा पानीशुद्धिकरणगर्ने प्रविधि उत्पादकको आवश्यकता पहिचान गर्ने ।
- घरेलु स्तरमा पानी शुद्धिकरणगन बैकल्पीक प्रविधिहरुको विकास गर्ने ।
- घरेलु स्तरमा पानी शुद्धिकरणगन विविध विकल्पहरुको सहज आपुर्तीको लागी आपुर्ती कर्ताहरुको टेवा दिने ।
- विविध प्रविधि  सम्वन्धि तालीम संचालन गर्ने ।

**पानी सुरक्षित योजनाको नमुना प्रर्दशन**

- पानी सुरक्षा योजना सम्वन्धि तालीम प्रदान गर्ने ।
- पानी सरक्षा योजनाको निर्माण र परियोजन क्षोत्र भित्र कार्यन्वयन गर्ने ।

**४. विगत एक बर्षमा सम्पन्न कार्यक्रमहरु**

- जिल्लास्तरस्य सल्लाहाकार समिति गठन ।
- राष्ट्रिय स्तरको समितिसंग समन्वयगर्ने गराउने काम  ।
- परियोजना कार्यन्वयन पश्चात प्राप्त अनुभवहरुलाई गोष्टि ,सभा ,सेमिनार मार्फत अनुभव आदानप्रदान  ।

स्थानिय अगुवा तथा किसानहरुका लागि मलचर्पी सम्वन्धि तालिम प्रदान गरी निर्माण गर्न लगाउने ।
मलको रुपमापिसाबको प्रयोगको लागि प्रदर्शन स्थलको स्थापना गर्ने
बायोग्यासजडित सौचालय  तथा पिसाब छुट्याउने शोचालय निर्माणको लागी सहयोग पुर्‍याउने  ।

**(५) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरु**

- बजेट निकासामा ढिला सुस्ती तथा निकासा प्रकृया झन्झटिलो ।
- निम्न शैक्षिक स्थितिले गर्दा समुदाय परिचलनमा कठिनता ।

- सरकारी तथा गैह्र सरकारी निकायको निकट समन्वय र सम्बन्ध ।
- जुन कार्यक्रम सञ्चालन गर्दा पनि भत्ताको माग ।
- समयको सन्जालिकरणबाट टाढारहन कठिनाई ।
- दातृसस्थाको योजना अनुसार कार्यक्रम संचालन गर्नु पर्ने ।

**(६) भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु**

- जिल्लाका विभिन्न सरकारी एवं गैह्र सरकारी संस्था वीच थप समन्वय गरेर कार्यक्रम संचालन गर्नु पर्ने ।
- विकासमा सहभागि बन्नु पर्ने,कार्यक्रम दोहोरोपन हटाउन र जिल्लाको सामानुपातिक सामाजिक विकासमा भुमिका खेल्नु पर्ने ।
- नगर तथा जिल्ला स्थित संस्थाहरुले विभिन्न विषयमा जिल्ला स्तरमा वहस एवं छलफल गर्नुपर्ने ।
- सुधारात्मक र सकरात्मक गतिविधिमा जोड गरेर अगाडि बढनु पर्ने ।
- लाञ्छना र भेदभाव न्यूनिकरण सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्ने जसले गर्दा समाजमा पुनस्थापित हुन सजिलो हुन सकोस ।

१. सामाजिक परीक्षकको नाम : डा.मनहरि ढकाल

दस्तखत :

२. सामाजिक परीक्षकको नाम : हरिष भट्ट

दस्तखत :

३.: सक्रिय परामर्श सेवा प्रा.लि., सुर्खेत

अनुसुचिहरु १

# कार्यक्रममा खिचिएका फोटाहरु




आ.ब. २०७३/०७४ को सामाजिक परीक्षण २७ कार्तिक २०७४




**आ.ब. २०७३/०७४ को सामाजिक परिक्षण कार्यक्रम संचालन गर्दै प्रशासकीय अधिकृत श्री दिपेन सुवेदी**




सामाजिक परिक्षणको उद्धेश्य बारेमा प्रकाश पार्दै कार्यकारी अधिकृत श्री कृष्णबहादुर खडका,



सामाजिक परिक्षणमा उठेका सवालहरुमाथि सम्बोधन गर्दै कार्यकारी अधिकृत श्री कृष्णबहादुर खड्का




आ.ब. २०७३/०७४ को सामाजिक परीक्षणमा उठेका जिज्ञासाहरुलाई सम्बोधन गर्दै
वीरेन्द्रनगर नगरपालिका उपप्रमुख मोहनमाया भण्डारी (ढकाल)




आ.ब. २०७३/०७४ को सामाजिक परीक्षणमा उठेका जिज्ञासाहरुलाई सम्बोधन गर्दै
वीरेन्द्रनगर नगरपालिका प्रमुख देबकुमार सुबेदी

## सन्दर्भ सामग्रीहरु


स्थानिय निकाय श्वायत्त शासन ऐन २०५५

स्थानिय निकाय श्वायत्त शासन नियमावली २०५६

स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४

सार्बजनिक सुनुवाइ  कार्यबिधि २०६७

सुशासन (ब्यबस्थापन तथा संचालन) ऐन , २०६४

सुशासन (बयबस्थापन तथा संचालन) नियमावली २०६५

नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यबिधि २०६५

(दोस्रो संशोधनमा परिमार्जन सहित)

सार्बजनिक सुनुवाई २०७३ असार तेस्रो चौमासिक २०७३

आ.ब. २०७२/०७३ को सामाजिक परीक्षण प्रतिवेदन २०७३

सामाजिक परीक्षण कार्यविधि २०६७